मजदुर विज्ञापन शाखा
नगांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १८५ ★ ने. सं. ११४६ दिला थ्व, त्रयोदशी ★ सोमबार ★ ११ साउन, २०८३ ★ July 27, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## शनिवारीय समाचारपत्रहरू र रोचकता

काठमाडौँ, १० साउन । कहिलेकाहीँ केही दैनिकहरूको शनिबारको अङ्क पढ्ने र बुझ्ने रोचक सामग्रीहरू पढ्ने अवसर पाठकहरू पाउँछन् । २७ असार २०८३ को 'अन्नपूर्ण' मा 'केनेडीको म्युजियममा दरबार हत्याकाण्डको झल्को' शीर्षकले पाठकहरूको ध्यान तान्यो ।

२२ नोभेम्बर १९६३ को दिन ओस्वाल्डले चलाएको गोलीले तत्कालीन अमेरिकी राष्ट्रपति केनेडीको हत्या भयो ।

ओस्वाल्ड कुनै अपराधी वा चर्चित गुप्तचर पनि थिएन बरु गोली हान्ने भवनमा काम गर्ने एक पूर्वसैनिक थियो । तर, उनी सोभियत सङ्घमा बस्दा रुसी युवतीसँग विवाह भएको थियो र अमेरिका फर्केपछि उनले क्युवाको समर्थनमा गतिविधि गरेका थिए ।

पक्राउ परेपछि ओस्वाल्डले आफू निर्दोष रहेको दाबी गऱ्यो । उनले आफू निर्दोष भएको दाबी गर्दै भने, "म त बलिको बोका मात्रै हुँ ।"

केनेडीको हत्याको दुई दिनपछि उनलाई अदालत लैजाँदै गर्दा भीडलाई पन्छाउँदै ज्याक रुबी ओस्वाल्डको अगाडि पुगी उसको पेटमा गोली हान्यो । टीभीमा त्यो दृश्य मानिसहरूले हेरिरहेका थिए ।

हत्यारा रुबीले राष्ट्रपति केनेडीप्रतिको सम्मान र उनकी पत्नी ज्याकलिन केनेडीले अदालतको पीडा भोग्न नपरोस् भन्ने भावनाले आफूले गोली चलाएको दाबी गऱ्यो ।

तर, रुबीको जीवनको अन्तिम वर्षहरूमा दिएका केही सङ्केतपूर्ण केही अभिव्यक्तिले सत्य अझै बाहिर आएको छैन जस्ता कुराले घटनालाई थप षड्यन्त्रमूलक बनायो ।

संयुक्त राज्य अमेरिकामा अरु पनि राष्ट्रपतिहरूको हत्या भएको देश हो । ठूलो देश बढी जनसङ्ख्या भएको तथा अनेक संस्कृतिको विविधता भएको देश भएको हुनाले नेपालीहरूले जसरी अमेरिकालाई सजिलै आकलनमा अनुमान गर्छन्; ती सत्य र सुन्दर हुँदैनन् ।

'अन्नपूर्ण' कै २७ असार २०७३ को अङ्कमा 'परदेशमा भेटिएको आफ्नै देश' शीर्षकमा लेखकले संयुक्त राज्य अमेरिकामा विभिन्न राज्य र दर्शननीय प्राकृतिक सुन्दर स्थलहरूको यात्रा गरे र मुग्ध भए । त्यस्तै, अनेक भौतिक र प्राविधिक प्रगतिबाट पनि विस्मित भए । भौतिक प्रगतिलाई लेखकले प्राकृतिक वरदानजस्तै मानेको अनुभव हुन्छ तर व्यवहारमा उल्टो छ । भौतिक प्रगतिको सुरुमै अमेरिकी कपासको खेती र अन्य भौतिक उत्थानको निम्ति अफ्रिकी दासहरूको रगत र पसिनाले त्यहाँको भूमि लत्पतिएको थियो । त्यहाँका दासहरूको सालाखाला आयो २७ वर्षको थियो ।

अमेरिकी स्वतन्त्रताको सङ्ग्रामको कारण त्यसबेला बेलायतको सूर्य नडुब्ने साम्राज्यलाई हराउने एक बहादुर देश थियो । पहिलो साम्राज्यवादी शक्तिलाई हराउने 'स्वतन्त्र' देश !

तर, आश्चर्य मान्नु नपर्ने विषय के हो भने स्वतन्त्रता आन्दोलनपछिका राष्ट्रपतिहरू सबै दास मालिकहरूका मालिक र धेरै भूमि, व्यापार र उद्योगधन्दाका मालिक थिए । पछि राष्ट्रपति मुनरोको शासनपछि संयुक्त राज्य अमेरिका स्वयं दक्षिण अमेरिकी देशहरूमाथि आक्रमण गर्दै पश्चिमी गोलार्द्धलाई नै आफ्नो करेसाबारी बनाएरै छोड्यो । आज १२० भन्दा बढी देशमा अमेरिकी सेना छन् र डलरको प्रभुत्व झन् डरलाग्दो ढङ्गले आर्थिक शासन चलाउँदै छन् ।

तर, अमेरिकी पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा संयुक्त राज्य अमेरिका एक स्वतन्त्र र प्रजातान्त्रिक देशको रूपमा मात्रै उल्लेख छ । विदेशमा कुनै उपनिवेश नभएको देशको रूपमा अमेरिकी जनताको आँखोमा छारो हाल्दै छ । अमेरिकाको आजको भौतिक प्रगति अन्य कमजोर देशहरूमाथिको दोहन हो ।

'अन्नपूर्ण' दैनिक निश्चय पनि विविध विषयमा सूचना लेख, रचना र विश्लेषणात्मक लेखले प्रश्रय पाएको दैनिक हो । २७ असार २०८३ कै अङ्कले 'बच्चाले बचाएको कृषि जीवनशैली' शीर्षकको भनाइले सबै संवेदनशील पाठकहरूको ध्यान तान्यो ।

खेतखेतको बाटो, चौबाटो र खेतखेतकै 'बल्चा', 'झोपडी', 'पकोचा' आदि थरीथरीका पाटी बनाएका छन् । हो, एक हिसाबले उत्पादनको वस्तु र उत्पादनको शैलीकै कारण स्थानीय संस्कृतिको उत्थान भएको हुन्छ । उपत्यकाको अन्य सहरमा 'बल्चा' नभनी 'फल्चा' वा थरीथरीका पाटी बनाएको हुन्थ्यो । 'गोलाकार झ्यालजस्तो भित्ता भएको एक फल्चालाई नेपाली भाषामा 'भत्क्या पाटी' नाम दिइयो । तर, त्यसको नाम अहिले 'लान्चा फल्चा : अर्थात् दुई तीनतिरै सडक भएको पाटी हो । तर, व्यवस्थित पाटी वा फल्चा भएको ठाउँमा 'ढुङ्गेधारा' , 'कुवा', 'पोखरी' वा कुनै पानीको स्रोत भएकै हुन्छ र अगाडि पछाडि कतै गरुडको चिह्न पनि हुन्छ ।

## राम्रो समाज निर्माण समर्पित भावनाले मात्र सम्भव हुने




भक्तपुर, १० साउन । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनपा ८ वडा एकाइ समितिको आयोजनामा कक्षा १० (एसईई) र कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रम शनिबार जैँला चोकमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रमको उद्घाटन गर्दै भक्तपुरको शैक्षिक क्षेत्रको सुधारमा भक्तपुरका जनताको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै राम्रो समाज निर्माण गर्न समर्पित भावनाले मात्र सम्भव हुने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले भक्तपुर नगरका कोही पनि विद्यार्थीले आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित नहोस् भनी विभिन्न विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति दिनुका साथै शैक्षिक ऋण उपलब्ध गराउँदै आएको हो भन्नुभयो ।

प्रमुख प्रजापतिले पर्याप्त मात्रामा स्रोत, साधन र शैक्षिक उपकरणको व्यवस्था गर्नुको साटो सरकार आफ्नो दायित्वबाट भाग्न खोजिरहेको बताउँदै विद्यार्थीहरू बिदेसिन बाध्य भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिले देशका विभिन्न जिल्लाका स्थानीय तहका जनप्रतिनिधि र विदेशी प्रतिनिधिमण्डलहरूले भक्तपुर नगरपालिकाले गरिरहेको कार्यहरूको चासो लिइरहेका छन् । सुशासन र भ्रष्टाचारमुक्त कार्य सम्पादनको उदाहरणको रूपमा भक्तपुर नगरपालिकालाई लिइरहेको हुँदा यसले नगरवासीलाई गौरवान्वित महसुस गराउनेछ ।"

कार्यक्रममा वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले सरकारमा व्यक्ति परिवर्तन हुँदैमा कामदार जनताले सुख नपाउने हुनाले सिद्धान्त, विचार र इमानदारिताको राजनीतिले मात्र राम्रो दिशा दिन सक्ने बताउनुभयो ।

*बाँकी पृष्ठ २ मा*

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ६७

**स्थलगत अनुगमनको क्रममा सङ्कलित विवरण**

छानबिन आयोगले भदौ २३ र २४ गतेको प्रदर्शनबाट धेरै क्षति पुगेका जिल्लाहरूमा क्षति भएका संरचनाहरूको स्थलगत निरीक्षण गरेको थियो । राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी कर्मचारी, सुरक्षाकर्मी, निजी क्षेत्रका प्रतिनिधिहरूसमेतका सबै सरोकारवालासँग छलफल र अन्तरक्रिया गरियो । विभिन्न जिल्लाका व्यक्तिहरूले घटनाका सम्बन्धमा दिनुभएको धारणा र विवरणलाई तथ्याङ्कको रूपमा लिएर जाँचबुझ र छानबिन गरिएको थियो । उक्त विवरणको सारांश देहायबमोजिम प्रस्तुत गरिएको छ ।

**कोसी प्रदेश**

कोसी प्रदेशअन्तर्गत मोरङ, झापा र सुनसरी जिल्लाको स्थलगत अनुगमन गरिएको थियो । ती जिल्लामा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझावहरू निम्न छन् :

**झापा**

मिति २०८२।०७।११ गते झापा जिल्लामा क्षति भएका संरचनाहरूको स्थलगत निरीक्षणपछि सरोकारवालासँग गरिएको अन्तक्रियाबाट प्राप्त राय :

**एक प्रदेश सभा सदस्य**

भदौ २४ गते २:३० बजे मेरो घरमा जुलुस आयो । प्रदेशसभाबाट राजीनामा नदिए मार्ने धम्की दिइयो । जुलुसमा अन्दाजी १५०/२०० सय मानिस थिए । उनीहरूले राति १०/११ बजे आएर ढुङ्गा प्रहार गरे । ७ वटा मोटरसाइकलमा २१ जना गाउँ बाहिरका केटाहरू आएका थिए । उनीहरूले मोविल लिएर आएका थिए ।

**गोपाल तामाङ**

आपराधिक क्रियाकलापमा संलग्न १३२ जनाको पहिचान गरिएको छ । १७ जनाउपर थानामा किटानी जाहेरी दिएकोमा निजहरूलाई हाजीर जमानीमा छाडिएको छ । देश रहेन भने सम्पत्तिको केही अर्थ हुँदैन । घर पूर्ण रूपमा जल्यो । ५ मिनेटभित्र ३ वटा कोठामा आगो लगाइयो । २ सेकेन्डमा गेट भत्काइयो (फलामको स्वचालित गेट) मैले प्रतिकार गर्नुपर्ने भन्ने पछि महसुस गरेँ । त्यो घटना नियोजित तथा प्रायोजित घटना हो । अपराधमा संलग्न सबैलाई कानुनी दायरामा ल्याउनुपर्छ । सुन चोरेर गएको मान्छेसमेत प्रहरीबाट छुट्यो । आइफोन चोर्नेहरूको ठेगाना देखिन्छ । बहालवाला प्रहरीले मेरो घरमा आगो लगाएको छ । सिसिटिभी फुटेज फोटो एल्बम बनाई प्रहरीकहाँ दिएको छु; कारबाही होस् ।

**नेपालरत्न शिवाकोटी (पूर्वमेयरको छोरा)**

मेरो क्षति सिसिटिभी फुटेज फोटोमा सबै छ । करिब २००/३०० जना बिहान ८:०० बजे आएर गाडी जलाए । मेरो छिमेकीको घरमा राख्छु भन्दा छिमेकीहरू पनि मानेनन् । १५ मिनेटमा मेरो पैसा सामान सबै लुटे । मेरो बच्चा अझैसम्म ट्रमामा छ । फेरि सोही दिन राति आगो लगाउने समूह आयो भने भोलिपल्ट फुटाउन चोर्न आए । भाटभटेनी जलाए बीमावालाको कमिसनको खेल सुरु भयो ।

**विष्णु प्रसाई**

मेचीनगरमा आगो लगाएपछि विष्णु प्रसाई कहाँ छ भनी छुरी तरबार लिएर आए । ५०/६० जना रमिते बने । रा.स्व.पा/रा.प्र.पा./माओवादीका मान्छे अग्रपङ्क्तिमा थिए । हात जोड्दा पनि नमानी पेट्रोल लगाएर घरमा भएका सबै लुगाफाटा आगजनी गरे । किन केही नभएको ठाउँमा ल्याएका भन्नेहरू पनि थिए । हामी अहिले बेसहारा भएका छौँ । अब सुरक्षा आफूले आफैलाई गर्नुपर्ने अवस्था आएको छ । प्रहरीले जाहेरी दर्ता त गर्दैनौँ सूचनामा मात्र राख्छौँ भन्छन् ।

**प्रेम गिरी**

यो आयोगको विश्वसनियताप्रति हाम्रो प्रश्न छ । एमाले, काङ्ग्रेसहरूको घर भिजिट गर्दा एउटै मोडेलबाट तोडफोड भएको देखियो । राम्रा विध्वंसकारीहरू प्रयोग भएका छन् । पुलिसले पक्राउ गरेकालाई छोडेको छ । रास्वपाका पदाधिकारीले अगुवाइ गरेको हो । हाम्रो सम्पत्तिको क्षतिमा हामी चुप लाग्दैनौँ । राजनीतिक आस्थाका सबै अफिसहरू डढाइएको छ । निजी सम्पत्ति क्षति सम्बन्धमा सम्बोधन गर्नुपर्छ । यो क्षेत्रमा राहतको प्याकेज राज्यले हेर्नुपर्छ । सुरक्षा राज्यकै जिम्मेवारी हो । यी अपराधीहरू खुलमखुला हिँडिरहेका छन् । लागूऔषध प्रयोगकर्ता, ट्यापेहरूलाई

*बाँकी पृष्ठ २ मा*

## देशको अवस्थाबारे उब्जिएका प्रश्न


- एकले अर्कालाई 'धोकेबाज' को आरोप लगाउँदै छुट्टिएका नेकपा एमाले र नेकपाले प्रदेशसभामा सत्ता सहकार्य गर्ने सहमति गरे । के शासक दलहरूले भागबन्डा गर्नमात्र सिकेका हुन् ? देश र जनताको नि:स्वार्थ सेवा गर्ने प्रतिबद्धता किन गरेनन् ?
- जेनजीको नाममा विश्वका विभिन्न देशमा प्रदर्शनहरू हुँदै छन् । जेनजी आन्दोलनकै कारण नेपालको न्यायालयमा ५५ प्रतिशतमात्र मुद्दा फछ्र्यौट भए । वास्तवमा जेनजी आन्दोलन अमेरिकी साम्राज्यवादले चलाएको 'रङ्गीन क्रान्ति' को सिलसिला हो । यो साम्राज्यवादीहरूको 'छद्म युद्ध' हो ।
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सेभेनअपको सिलबन्दी बोतलभित्र बाह्य पदार्थ भेट्यो । कोकाकोला, फान्टा, पेप्सीकोलालगायत हल्का पेय पदार्थको अवस्था पनि उस्तै छ ।
- देशभरका किसानले रासायनिक मलबिनै ८३ प्रतिशत रोपाइँ सकेपछि कृषिमन्त्री गीता चौधरीले बताइन्,"१५ दिनभित्र रासायनिक मल सहज आपूर्ति

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो



# रामशेखरया ख्याल ब्वज्या दोस्रो दिन पनि चालू



भक्तपुर, १० साउन। नाट्यकर्मी समाज नेपालको आयोजनामा शनिबार ९ गतेदेखि सुरु भएको 'रामशेखरया ख्याल: ब्वज्या' दोस्रो दिन आइतबार पनि चालू रह्यो।

हास्यव्यङ्ग्य कलाकार, निर्देशक, कथाकार, उपन्यासकार रामशेखर नकर्मीद्वारा रचित १० ख्यालहरू ११ दिनमा प्रत्येक दिन एक/एक ख्याल: मञ्चन भइरहेको छ।

पहिलो दिन शनिबार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'रामशेखरया ख्याल ब्वज्या' को उद्घाटन गर्नुभएको हो।

नाट्यकर्मी समाज नेपालका अध्यक्ष लक्ष्मीप्रसाद चवालले थियटरमा ख्याल ब्वज्या हेर्ने दर्शक तथा स्रोताहरू सामु थियटरको आचारसंहिता पालना गर्न जोड दिनुभयो।

ख्वप कलेजले प्रस्तुत गरेको उक्त ख्यालको राजेन्द्र श्रेष्ठले निर्देशन गर्नुभएको थियो भने सोको कला संयोजन विकास तमखुले गर्नुभएको थियो।

प्रस्तुत ख्यालले राजनीतिक, सरसफाइ तथा सामाजिक विकृति विसङ्गतिविरुद्ध व्यङ्ग्य गरिएको थियो।

प्रहसनपछि आशकाजी थकुले सभ्य समाज निर्माण र परिवर्तनको लागि लिपिबद्ध गरिएको ख्याल नाटकलाई जीवन्त बनाउन दर्शक तथा स्रोताहरूले आवश्यक प्रतिक्रिया दिनुपर्ने बताउँदै ख्यालमा कलाकारहरूले प्रस्तुत गरिएको अभिनयलाई परिष्कृत र प्रभावकारी बनाउन आवश्यक सल्लाह सुझाव दिनुभयो।

# गणितीय दौड प्रतियोगिता सम्पन्न

भक्तपुर, १० साउन। आधारभूत विद्यालय समितिको आयोजनामा जनसेवा आधारभूत विद्यालय, भक्तपुर नगरपालिका-४, मङ्गलाछेँमा 'गणितीय सोच, समस्या समाधान हाम्रो लक्ष्य, हाम्रो पहिचान' भन्ने मूल नाराका साथ गणितीय दौड प्रतियोगिता आइतबार सम्पन्न भयो।

कार्यक्रम आधारभूत विद्यालय समितिका अध्यक्ष कृष्णगोपाल आचार्यको सभापतित्वमा भएको थियो। प्रतियोगितामा विभिन्न विद्यालयका विद्यार्थीहरूको उत्साहजनक सहभागिता थियो। सहभागी विद्यार्थीहरूले गणितीय ज्ञान, तार्किक सोच, छिटो निर्णय गर्ने क्षमता तथा समूहगत सहकार्य प्रदर्शन गर्दै स्वस्थ प्रतिस्पर्धामा सहभागी भएका थिए।

प्रतियोगिताले विद्यार्थीहरूमा गणितप्रति रुचि अभिवृद्धि गर्नुका साथै समस्या समाधान गर्ने सीप, आत्मविश्वास र सिर्जनात्मक सोचको विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको जनसेवा आधारभूत विद्यालयका प्रधानाध्यापक कृष्णप्यारी दुवालले बताउनुभयो।




कार्यक्रमको सफलतामा सहयोग पुऱ्याउने सम्पूर्ण विद्यालय परिवार, शिक्षक, कर्मचारी, अभिभावक तथा सहभागी विद्यार्थीलाई धन्यवाद र विजयी विद्यार्थीलाई बधाई ज्ञापन गरिएको थियो।

प्रतियोतितामा कक्षा १-३ को समूहमा छात्रतर्फ ज्ञान विजय आविका अरमान मिर्जा वेग प्रथम, सन्तति आविका सजाद प्वान द्वितीय, ब्रह्मायणी आविका सुजन थिङ तृतीय, बरदायणी आविका रचित धुख्वा र तारा माविका प्रित्तम यादव सान्त्वना भएका थिए। त्यसैगरी कक्षा १-३ को समूहमा छात्रातर्फ बरदायणी आविका युनिसा तामाङ प्रथम, तारा माविका सन्ध्याकुमारी शाह द्वितीय, नवीन आविका उक्सना खातुन तृतीय, महेन्द्र आविका सोना तामाङ र ज्ञान विजय आवि सनिसा रोकाया सान्त्वना भएका थिए। त्यसैगरी कक्षा ४-५ को समूहमा छात्रतर्फ ब्रह्मायणी आविका कुशल तामाङ प्रथम, तारा माविका मिङ्मा दोमार तामाङ द्वितीय, सन्तति आविका अमित रोकाया तृतीय, समाज सुधार माविका केदार वि.क. र गणेश माविका रिसभकुमार सिंह सान्त्वना भएका थिए।

प्रतियोगितामा कक्षा ४-५ को समूहमा छात्रातर्फ भीम आदर्श आविका सञ्जनाकुमारी यादव प्रथम, जनसेवा आविका सोनिया तामाङ द्वितीय, ब्रह्मायणी आविका अनिसा ठाकुर तृतीय, तारा माविका रोजिना लामा र बरदायणी आविका रोहिसा देउला सान्त्वना भएका थिए। त्यसैगरी कक्षा ६-८ को समूहमा छात्रतर्फ सन्तति आविका संसार अधिकारी प्रथम, गणेश माविका अश्रफ मोहमद द्वितीय, भीम आदर्श आविका मनिक तामाङ तृतीय, ज्ञान विजय आविका सुम्बोगेव लिम्बु सान्त्वना भएका थिए। त्यसैगरी कक्षा ६-८ को समूहमा छात्रातर्फ गणेश माविका त्रिजा दुवाल महर्जन प्रथम, बाल सेवक आविका खुसी इङनाम द्वितीय, ज्ञान विजय आविका रोसनी चौधरी तृतीय, समाज सुधार माविका समृद्धि कपाली सान्त्वना भएका थिए।

# चाँगुनारायण -५ मा असार १९ र साउन २ को स्मरण

भक्तपुर, १० साउन । नेपाल मजदुर किसान पार्टी चानपा ५ वडा एकाइ समितिको आयोजनामा ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन २०२६ असार १९ तथा २०२५ को साउन २ को स्मरणमा आइतबार समसामयिक विषयमा प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले देश र जनताको हितमा जनतालाई सङ्गठित र सुशिक्षितका साथ नैतिकवान् तथा चरित्रवान् असल नागरिकको भूमिका निर्वाह गर्न गराउन समय सापेक्ष अभिमुखीकरण गर्दै आइरहेको बताउनुभयो।

पार्टीको उद्देश्य भनेकै नि:स्वार्थपूर्वक देश र जनताको सेवा गर्नु रहेको र पुँजीवादी व्यवस्थामा भ्रष्टाचार सरकारको छाया भएकोले समाजवादी आन्दोलन अघि बढाउन आवश्यक भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले भ्रष्टाचारविरोधी आन्दोलनको नागबेली (यथार्थ स्थितिको) चिरफार गर्दै भूमिसुधारको सबल पक्षको आत्मसात गरी मोहियानी हक सुरक्षा, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन र मोहियानी हक निष्कासन गर्दाको आन्दोलनबारे प्रस्टयाउनुभयो ।

उक्त कार्यक्रममा एस. एम. लागेजू र सूर्यबहादुर फोजूले पनि बोल्नुभएको थियो।

# लिशा इङलिस स्कूलमा बृहत् स्वास्थ्य शिविर

भक्तपुर, १० साउन। भक्तपुर लायन्स सेवा समितिद्वारा सञ्चालित लायन्स आँखा तथा मधुमेह सेवा समिति केन्द्र बीपी नेत्र प्रतिष्ठानको प्राविधिक सहकार्यमा आइतबार लिशा इङ्गलिस स्कूलको प्राङ्गणमा बृहत् स्वास्थ्य शिविर सम्पन्न भयो।

लायन्स क्लव अफ सूर्यविनायक, लिशा इङ्गलिस स्कूल, ज्वज्वलपा, नवदुर्गा, बालकुमारी ठिमी, भैरव, अरनिको, स्पार्क, नरसिंह आदि सङ्घ संस्थाको संयोजनमा भएको सो स्वास्थ्य शिविरमा आँखा, नाक, कान, घाँटी, दन्त, पाइल्स आदिको परीक्षण भएको थियो। शिविरमा बिरामीको रोगअनुसारको औषधि नि:शुल्क वितरण गरिएको थियो।

शिविरमा स्थानीय, विद्यालयका अभिभावक र विद्यार्थीको स्वास्थ्य परीक्षण गरिएको थियो।

डिस्ट्रिक ३२५ जी २०२६/२०२७ का जोनच्योर पर्सनका कोअर्डिनेटर प्रकाश साँयुजुका अनुसार आँखा परीक्षणमा प्रकाश भट्ट, सोनिया चौधरी, दन्तमा पुनित कर्माचार्य, श्यामकृष्ण प्रजापति, नाक, कान घाँटीमा जनकबहादुर पाण्डे, बिकाउबहादुर यादव, पाइल्समा अनिल कोजुलगायतका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले स्वास्थ्य परीक्षण गर्नुभएको थियो।

उक्त खुला शिविर सञ्चालनबारे दुई हप्तादेखि प्रचार प्रसार गरिएको थियो। शिविर बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म भएको थियो।

पीडितवर्गसम्म स्वास्थ्यपचार सेवा पुगोस् भन्ने उद्देश्यले स्वास्थ्य शिविर बेलाबखत सञ्चालन गर्दै आएको आयोजकले जनाएको छ। ण

***कार्की...***

अगाडि लगाएर काम गरेका छन्। लोकतान्त्रिक दलले अलोकतान्त्रिक निर्णय गर्न नपरोस्। कन्काई नगरपालिकाको मेयर (नगर प्रमुख) को घरबाट ८० किलो सुन समातियो भनी (भाग्य न्यौपाने) यु ट्युबरले भनेका छन्। खै त ८० किलो सुन ? सरकार संयम भयो भने स्थिति सह्मालिन्छ नत्र अवस्था अर्कै हुन्छ।

**देउमान थेवे**

आन्दोलनको श्रृङ्खला भोग्दै आएको ४०/५० वर्ष भयो। तर, भदौ २३/२४ गतेको आन्दोलन अकल्पनीय छ। म काठमाडौंमा नै थिएँ। नेपाल प्रहरीलाई यो २ दिनले विचरा नै बनाइदियो। ड्रेस, भवन केही छैन, प्रहरीकै हतियार लिएर प्रहरीलाई हानियो। यहाँ दुबै दलका तोडफोड, आगजनी, लुटपाटको शैली एउटै खालको छ। पिकअप गाडीमा पेट्रोल, खुकुरी, भाला, गैंती बोकी सस्तोखाले रक्सी खुवाउँदै मानिसहरूलाई बोकेर ल्याइरहेका छन्। घर आगजनी गरेपछि २ वटा गाडी अन्तै ठाउँमा राखिएको थियो। त्यहीं गएर पनि आगो लगाइदिए। कन्काईमा उपमेयर, मेयर, वडाअध्यक्षको घरमा आगलागी भयो। पहिला सिसिटिभी फुटाउने अनि माथि गएर पानी ट्याङ्की तोड्ने र सबैलाई आओ भनी आह्वान गर्ने यस्तो पनि आन्दोलन हुन्छ ? लुटेको सामान कहाँ कहाँ छन् भन्ने हामीले प्रहरीलाई भन्यौ तर प्रहरीले काम गर्न सकेन। आफैले खोजेर सामान फिर्ता ल्यायौं। प्रहरी र सिडिओलाई भन्दा काम नहुने अवस्था छ। जेनजीको नामबाट लुटपाट गराउने नेतृत्वलाई यो आयोगले कारबाही गर्छ कि गर्दैन ? के आयोगले दूधको दूध पानीको पानी छुट्टयाई दिन्छ ? आगो लगाउनेहरूको अब सामाजिक बहिष्कार हुन थाल्यो। यिनीहरूलाई यसले मात्र पुग्दैन कानुनी उपचार चाहिन्छ। काँकडभिट्टादेखि दमकसम्म प्रहरी भवनको दुरवस्था छ। हामीभन्दा पनि नेपाल प्रहरी/सशस्त्र प्रहरीलाई निरीह बनाइयो।

**प्रसाई (युवा व्यवसायी)**

म एउटा युवा व्यवसायी हुँ। मेरो ८० वर्षको बुबा र छोरीलाई निकालेर घरमा आगो लगाए। एमालेको झोले भनेर आगो लगाइयो। यदि अपराधीलाई कारबाही नहुने हो भने हामीसँग पनि सूची छ/युवा छ। तोडफोड गर्ने हतियारसहित लुटने, ताला फुटाउने र पछि आगो लगाउने ३ वटा ग्रुपले बोतलमा पेट्रोल बोकेर हिँडेका थिए। प्रहरीको बिजोग देखियो। प्रहरी अफिसरले नै म त असुरक्षित छु भनेको सुन्दा दु:ख लाग्यो। प्रहरी प्रशासनले संयमता अपनाएको छ। बिर्तामोडमा काङ्ग्रेस/एमाले मिलेर प्रहरी कार्यालय बनायौं।

**दमक राजस्व प्रमुख**

कार्यालय भाडाको घरमा थियो। दिउँसो आए सकाएर गए। हामी राति बाहिर निस्केका थियौं। सुरुमा फाइल निकालेर आगो लगाए भने अर्को टोलीले बोटलमा बोकेर ल्याएको पेट्रोल छर्केर आगजनी गऱ्यो।

**मेचीनगर प्रमुख, गोपाल बुढाथोकी**

आक्रोशित प्रदर्शनकारीहरूले बिहान ८ बजेदेखि नै जलाउने काम सुरु गरे। धुलाबारी कोणसभामा सार्वजनिक सम्पत्ति तोडफोड गर्दैनौं भने पनि धुलाबारी मोडबाट निस्केकाले धेरै ठाउँमा आगजनी गरे। बीपी सालिक र विश्व प्रकाशको घर रहेको नगरपालिकाका अग्नि नियन्त्रकलाई खुकुरी देखाई आगो ननिभाउन भने। पेशेवर मान्छेहरू संलग्न छन्। हतियार, ज्वलनशील पदार्थसहित, दराज, ढोका फुटाउने सामग्रीसहित विध्वंश मच्चाइएको छ। निर्ममतापूर्वक राज्यले नियन्त्रण नगरे उद्यमी, व्यवसायी र नागरिक कोही सुरक्षित नहुने देखिन्छ। पेशेवर, लागूऔषध प्रयोग गर्ने, रिसइवी साँध्न आएका अपराधीहरू आए। बुलेट मोटरसाइकल र इन्डियन (भारतीय) गाडी जीपको प्रयोग भएको छ। उनीहरू तत्कालको आवेशभन्दा पूर्वयोजनासहित आएका थिए। मेची नगरमा प्रत्यक्ष रा.स्व.पा.का मान्छेहरू प्रयोग भएका थिए। उनीहरूले नेतृत्व नै गरिरहेका थिए। मेरो घर ध्वस्त छ, म डेरामा बसिरहेको छु, मेरो अफिस पनि ध्वस्त छ। हामी समाजमा डेरा नपाउने अवस्थामा पुग्यौं। हामी डेरामा बस्दा घरधनीले पनि सुरक्षित रहन नसक्ने भने। प्रहरीहरू नै असुरक्षित छन्, प्रहरीको मनोबल कमजोर बनाइएको छ। मुलुकको यही अवस्थाले राम्रो दिशानिर्देश गर्दैन।

***राम्रो...***

उहाँले विद्यार्थीलाई सामाजिक सञ्जालमा आएका सबै कुरा सत्य नहुने भएकोले सचेत हुनुपर्छ भन्नुभयो।

उहाँले साहित्यिक, राजनीतिक र सामाजिक चेतना भएन भने हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न गाह्रो हुने भएकोले विद्यार्थीले विभिन्न साहित्य, लेख, रचना अध्ययन गर्नुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरूको जानकारी राख्नुपर्ने बताउनुभयो।

नेमकिपा भनपा ८ वडाका अध्यक्ष लक्ष्मीनारायण दुवालले विद्यार्थीले आफ्नो औपचारिक अध्ययनका साथसाथै सामाजिक गतिविधिमा सक्रिय भएर लाग्नुपर्ने बताउनुभयो।

उहाँले आजका विद्यार्थी नै भोलिका समाजका नेतृत्वकर्ता हुने भएकाले सानै उमेरदेखि सङ्घसंस्थामा बसेर सामूहिक भावनाको विकासमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिकाले सरसफाइ तथा भौतिक विकासमा गरिरहेको कार्यको जानकारी दिँदै नगरपालिकाले मात्र सबै गर्न नसक्ने हुँदा जनस्तरबाटै हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो।

नेक्राविसङ्घ भनपा ८ वडाका अध्यक्ष एवं कार्यक्रमका सभापति शैलेश जरेजुले सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद दिनुभयो।

कार्यक्रममा नेक्राविसङ्घ भक्तपुर नगर समितिका बितिशा बाटी, आयोजक समितिका बिनिशा लवजु, सलिना बोहजु, लुनिभा पोतामहा र रितिक सैंजुले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कक्षा १० र १२ उत्तीर्ण सम्पूर्ण विद्यार्थीलाई बधाई पत्र वितरण गर्नुभएको थियो। उक्त कार्यक्रममा विभिन्न समूहले सांस्कृतिक विधाहरू प्रस्तुत गरेका थिए।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८३/०२/०९ का दिन भक्तपुरको नयाँ थिमीदेखि बसमा चढ्ने क्रममा मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला।

नाम : सुजल जोशी
रजिस्ट्रेसन नं. : 813272260324
सिरियल नं. : M1685613
सम्पर्क नं. : ९७०४६२८५१२

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८३/०२/०९ का दिन भक्तपुरको नयाँ थिमीदेखि बसमा चढ्ने क्रममा मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला।

नाम : रिकेसन श्रेष्ठ
रजिस्ट्रेसन नं. : 813272260229
सिरियल नं. : M1687025
सम्पर्क नं. : ९७४७५०३५२१

## सङ्क्षिप्त समाचार

# प्रश्नपत्र सार्वजनिक गरेको अभियोगमा पक्राउ

काठमाडौँ, १० साउन । त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायको 'मास्टर्स अफ बिजनेस स्टडिज' (एमबिएस) को प्रश्नपत्र सार्वजनिक गरेको आरोपमा केही व्यक्ति पक्राउ परेका छन् ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको निर्देशनमा उनीहरू आज बिहान पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले अभियुक्तहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान प्रारम्भ गरेको छ ।

यही साउन ८ गते स्नातकोत्तर तहको 'अर्गनाइजेसनल बिहेबियर' विषयको परीक्षा सुरु भएको केही मिनेटमै सामाजिक सञ्जालमार्फत प्रश्नपत्र बाहिरिएको थियो । प्रश्नपत्र बाहिरिएपछि त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन सङ्काय डिनको कार्यालयले पनि 'साइबर ब्यूरो' लाई अनुसन्धान एवं कारबाहीका लागि पत्राचार गरेको थियो ।

आजै परीक्षा नियन्त्रण महाशाखाले यो घटनाको छानबिन गर्न प्रा. डा. अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय समिति पनि गठन गरेको छ । समितिको सदस्यमा अनुगमन निर्देशनालयका उपनिर्देशक सहप्राध्यापक पुष्कर रैखला र केन्द्रीय परीक्षा सञ्चालक समितिका सदस्य सहप्राध्यापक महेशराज ओफा हुनुहुन्छ । समितिलाई छानबिन सात कार्यदिनभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ । ***रासस***

# बाढीपहिरो र कटानका कारण विभिन्न राजमार्ग प्रभावित

काठमाडौँ, १० साउन । बाढीपहिरो र कटानका कारण देशका विभिन्न प्रमुख राजमार्ग तथा सडकखण्ड अवरुद्ध भएका छन् ।

नेपाल प्रहरीका अनुसार आइतबार बिहान ५:०० बजेसम्म काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा राति सवारी सञ्चालनमा लगाइए प्रतिबन्ध जारी छ । सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी सडकखण्डमा बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाइएको छ ।

यसैगरी, कान्ति लोकपथमा पनि वर्षायामका कारण अर्को सूचना नभएसम्म बेलुका ५:०० देखि बिहान ५ बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा हिलो थुप्रिएपछि उक्त सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जिरोकिलो तथा वडा नं २ कोदारीस्थित अरनिको राजमार्गमा पहिरो खसेकाले सो खण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ ।

लामासाँघु-रामेछाप राजमार्गको केही भाग सामाकोशी खोलाले कटान गरेपछि यातायात सेवा अवरुद्ध भएको छ । खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थाको कार्यालय परिसर हुँदै वैकल्पिक मार्ग सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ । पासाङ ल्हामु सडकखण्डमा पहिरो खस्दा त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी कच्ची सडकखण्ड पनि अवरुद्ध भएको छ ।

त्यसैगरी, मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ घ्याकर खोलामा जलसतह बढेपछि जोमसोम-कोरला सडक पूर्ण रूपमा अवरुद्ध भएको छ ।

अवरुद्ध सडक सडक विभाग तथा स्थानीय निकायले खुलाउने प्रयास जारी राखेका प्रहरीले जनाएका छन् । ***रासस***



**ग्यास भर्न लाइनमा राखिएको सिलिन्डर :**
वीरेन्द्रनगरपालिका-६, सुर्खेतको मुख्य बजारस्थित ग्यास पसलमा ग्यास भर्न चर्को घामको प्रवाह नगरी सिलिन्डरसहित लाइनमा बसेका सर्वसाधारण । दिउँसो १२:०० बजे ग्यास पाउने आशामा बिहान ४:०० बजेदेखि सिलिन्डर लिएर लाइनमा बसेका सर्वसाधारण नागरिक दिउँसो २:०० बजेसम्म पनि ग्यास नआएपछि निराश बनेका छन् । तस्बिर: शुरबहादुर सिंह/रासस

# वर्षायाममा पनि चितवनमा पर्यटकको चहलपहल

चितवन, १० साउन । सरकारले सप्ताहान्तमा दुई दिन सार्वजनिक बिदाको व्यवस्था गरेसँगै जिल्लाका पर्यटकीय गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको पाइएको छ ।

वर्षायामको परवाह नगरी आन्तरिक तथा विदेशी पर्यटकको आगमन बढेसँगै यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

सौराहा, पटिहानी, जगतपुर, मेघौलीलगायत प्रमुख पर्यटकीय क्षेत्रमा विगतका वर्षको तुलनामा यस वर्ष पर्यटकको आगमन बढेको व्यवसायीहरूले बताएका छन् । आन्तरिक पर्यटकसँगै चिनियाँ र भारतीय पर्यटकको आगमन उल्लेख्य रूपमा पनि बढेको उनीहरूको कथन छ ।

क्षेत्रीय होटल सङ्घ चितवनका महासचिव महेश खनालका अनुसार वर्षायाममा सामान्यतया पर्यटकीय गतिविधिमा सहभागी हुने पर्यटकको हिस्सा करिब ३० प्रतिशत रहने गरे पनि यस वर्ष समग्र होटलको अकुपेन्सी करिब ५० प्रतिशत पुगेको छ ।

उहाँका अनुसार सातामा दुई दिन बिदा लागू भएपछि गत वर्षको यही अवधिको तुलनामा आन्तरिक पर्यटक करिब २५ प्रतिशतले बढेका छन् । विद्यालय तथा कलेजमा समेत बिदा परेकाले आन्तरिक पर्यटन थप चलायमान भएको उहाँले बताउनुभयो ।

भारतीय पर्यटकको सङ्ख्या पनि बढ्दो क्रममा रहेको उहाँले जानकारी दिनुभयो । सडक पूर्वाधारका कारण अपेक्षाअनुसार पर्यटक भित्रिन नसकेको उल्लेख गर्दै आउन चाहेका केही आन्तरिक तथा विदेशी पर्यटक अन्य गन्तव्यतर्फ गएको उहाँको भनाइ छ । पोखरालगायत पहाडी गन्तव्यमा भारतीय पर्यटकको आगमन उल्लेख्य रहेको उहाँले बताउनुभयो ।

केही वर्षअघिसम्म वर्षायाममा सौराहाका कतिपय होटल बन्द हुने अवस्था रहे पनि पछिल्ला वर्षमा होटल व्यवसाय विस्तार भएसँगै वर्षायामलाई लक्षित गरी बजार प्रवर्द्धनसमेत गर्न थालिएको छ ।

क्षेत्रीय होटल सङ्घ चितवनका पूर्वअध्यक्ष तथा होटल सङ्घ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरेले सातामा दुई दिनको बिदाले पर्यटन क्षेत्र प्रत्यक्ष रूपमा लाभान्वित भएको बताउनुभयो । उहाँका अनुसार दुई दिनमध्ये एक दिन पर्यटकको चाप कम भए पनि अर्को दिन उल्लेख्य वृद्धि हुने गरेको छ ।

केही दिनअघि भारतको कोलकाता भ्रमणका क्रममा त्यहाँका पर्यटन व्यवसायीले नेपाललाई यस वर्ष आकर्षक गन्तव्यका रूपमा लिन थालेको जानकारी दिएका उहाँले बताउनुभयो । भारतीय सरकारले विदेशी मुद्रा सञ्चिति बढाउने नीति अवलम्बन गरेको, मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्य गन्तव्यप्रति आकर्षण घटेको तथा थाइल्यान्डले भिसा प्रक्रियामा कडाइ गरेकाले भारतीय पर्यटकले नेपाल रोज्न थालेका उहाँको विश्लेषण छ । यसको प्रभाव सौराहामा पनि परेको उहाँले बताउनुभयो । सडकलगायत भौतिक पूर्वाधार भएमा अझ धेरै पर्यटक आकर्षित हुने उहाँको ठम्याइ छ ।

क्षेत्रीय होटल सङ्घ चितवनका पूर्वअध्यक्ष दीपक भट्टराईले पनि दुईदिने बिदाका कारण अघिल्ला वर्षको तुलनामा यो वर्ष पर्यटक बढेको बताउनुभयो । दुई दिन बिदा हुँदा आन्तरिक पर्यटकको आगमन बढेको उहाँको अनुभव छ ।

दुईदिने सार्वजनिक बिदाको प्रभाव जिल्लाका अन्य पर्यटकीय गन्तव्यमा पनि परेको छ । पटिहानीस्थित होटल जङ्गल भिल्लाका सञ्चालक गणेश पौडेलले गत वर्षको तुलनामा यस वर्ष पर्यटक बढेको र त्यसको प्रमुख कारण दुईदिने बिदा भएको बताउनुभयो ।

सौराहामा हाल १४१ होटल सञ्चालनमा छन् । पश्चिम चितवनका पटिहानी, जगतपुर र मेघौलीमा पनि सुविधासम्पन्न होटल छन् । यिनको दैनिक १० हजार पर्यटकलाई सेवा गर्नसक्ने क्षमता छ । चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती सामुदायिक वनमा एकसिङ्गे गैँडा, पाटेबाघलगायत वन्यजन्तु हेर्न जीप सफारी, हात्ती सफारी, डुङ्गा सयर गर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गरेका छन् । ***रासस***

# बाँकेमा ४५ हजार लगानीकर्ता टीएमएसबाट कारोबार गर्दै

नेपालगन्ज, १० साउन । बाँकेमा शेयर बजारप्रति आकर्षण बढ्दै जाँदा करिब ४५ हजार लगानीकर्ताले अनलाइन कारोबार प्रणाली ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) खाता खोलेका छन् । प्रविधिमा आधारित कारोबार प्रणालीको विस्तारसँगै नयाँ लगानीकर्ताको सहभागिता पनि उल्लेख्य रूपमा बढेको हो ।

इम्पेरियल सेक्युरिटिज कम्पनी लिमिटेड, नेपालगञ्जका प्रमुख उदय अधिकारीका अनुसार लगानीकर्ताले प्रविधिका कारण जहाँबाट पनि कारोबार गर्न सकिने भएकाले टिएमएस प्रयोगकर्ता बढेका हुन् । "अहिले लगानीकर्ता प्रविधिमा अभ्यस्त भइसकेका छन् । त्यसैले नयाँ लगानीकर्ताले सबैभन्दा पहिले टिएमएसको सुविधा खोज्ने गरेका छन्," उहाँले भन्नुभयो ।

उहाँका अनुसार बाँकेमा हालसम्म ६२ हजार ७९६ जनाले हितग्राही (डिम्याट) खाता खोलेका छन् । तीमध्ये ३७ हजार ३०० पुरुष, २५ हजार ४५९ महिला र ३७ जना अन्य रहेका छन् । करिब १० प्रतिशत खाता भने निष्क्रिय रहेको उहाँले जानकारी दिनुभयो ।

बैङ्क तथा वित्तीय संस्थाले पनि हितग्राही खाता खोल्ने सुविधा दिन थालेपछि र शेयर बजारबाट आम्दानी गर्न सकिने विषयमा गाउँ-गाउँसम्म जनचेतना बढ्दै गएपछि नयाँ लगानीकर्ता थपिने क्रम तीव्र बनेको उहाँको भनाइ छ ।

लगानीकर्ता कुलप्रसाद शर्माले प्राथमिक सार्वजनिक निष्कासन ( आइपिओ) मा आवेदन दिनकै लागि पनि धेरैले डिम्याट खाता खोल्ने गरेको बताउनुभयो । उहाँका अनुसार वास्तविक लगानीभन्दा पनि अरूलाई देखासिकी गर्ने प्रवृत्तिका कारण पनि हितग्राही खाताको सङ्ख्या बढेको छ ।

नेपालगञ्जमा हाल इम्पेरियल सेक्युरिटिज, कालिका सेक्युरिटिज र प्राइमो सेक्युरिटिजमार्फत शेयर कारोबार हुँदै आएको छ । बाँकेसँगै बर्दिया, दाङ, कैलाली, कालीकोट, जुम्लालगायत जिल्लाका लगानीकर्ताले पनि नेपालगञ्जलाई शेयर कारोबारको केन्द्रका रूपमा प्रयोग गर्दै आएका छन् । ***रासस***

# भारतीय बिरामीको उपचार गन्तव्य बन्दै भरतपुर आँखा अस्पताल ठोरी

चितवन, १० साउन । नेपालको सीमावर्ती गाउँमा सञ्चालनमा रहेको एउटा आँखा अस्पताल यतिबेला हजारौँ भारतीय बिरामीको उपचार केन्द्र बनेको छ । पर्साको ठोरीमा रहेको भरतपुर आँखा अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये ९७ प्रतिशत भारतीय हुने गरेका छन् । अस्पताल नेपाल नेत्रज्योति सङ्घ चितवनले सञ्चालन गरेको हो ।

आफ्नै देशमा नजिक गुणस्तरीय आँखा उपचार सेवा नपाएपछि सीमापारिका भारतीय नागरिक उपचारका लागि नेपाल आउने गरेका हुन् । अस्पतालका प्रमुख दिपेश सुवेदीका अनुसार गत आर्थिक वर्षमा १४ हजार ५८१ जनाले सेवा लिएका थिए । तीमध्ये १४ हजार १८१ जना अर्थात् ९७ प्रतिशत भारतीय बिरामी छन् ।

उहाँका अनुसार गर्मी याममा दैनिक ४० देखि ४५ जना र जाडो याममा करिब ८० जना बिरामी उपचारका लागि आउने गर्छन् । जाडोमा नियमित तथा गर्मीमा हरेक बिहीबार मात्रै अस्पतालमा शल्यक्रिया हुन्छ । अस्पतालले गत वर्ष ६२४ जनाको आँखाको शल्यक्रिया गरेको थियो ।

गर्मी मौसममा शल्यक्रियापछि नुहाउन नमिल्ने र सङ्क्रमणको जोखिम बढी हुने भन्ने गलत धारणा फैलिएकाले त्यस समयमा बिरामीको चाप केही घट्ने गरेको सुवेदीले बताउनुभयो ।

नेपाल नेत्रज्योति सङ्घ चितवन शाखाका सचिव केशव अधिकारीका अनुसार भारतका सीमावर्ती क्षेत्रबाट मात्र होइन, करिब १०० किलोमिटर टाढासम्मका बिरामी पनि उपचारका लागि ठोरी पुग्ने गरेका छन् । भारततर्फ नजिकै गुणस्तरीय आँखा अस्पताल नहुँदा दिल्लीलगायतका ठूला सहर पुग्नुपर्ने बाध्यता रहेका बिरामीका लागि ठोरी सहज विकल्प बनेको उहाँको भनाइ छ । "कम शुल्कमा गुणस्तरीय उपचार र छोटो दूरीमै सेवा पाइने भएकाले भारतीय बिरामीको आकर्षण यस अस्पतालतर्फ बढ्दो छ," अधिकारीले भन्नुभयो ।

स्थानीय समुदायलाई लक्षित गरेर स्थापना गरिएको अस्पताल अहिले सीमापार स्वास्थ्य सेवाको सफल उदाहरण बनेको छ । अस्पतालले नेपाली र भारतीय दुवै समुदायका बिरामीलाई समान रूपमा सेवा दिँदै आएको छ ।

अस्पताललाई अब वातावरणमैत्री 'ग्रिन अस्पताल' का रूपमा विकास गर्ने तयारी भइरहेको छ । दुई बिघा क्षेत्रफलमा कम्पाउण्ड निर्माणका साथै शल्यक्रियापछि बिरामी र कुरुवाका लागि बसोबास तथा भान्छासहितको सुविधा विस्तार गर्ने काम अघि बढाइएको अधिकारीले जानकारी दिनुभयो ।

भरतपुर आँखा अस्पतालको विस्तारित सेवाका रूपमा सञ्चालित यस अस्पतालले सीमावर्ती क्षेत्रमा सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै नेपाल-भारत स्वास्थ्य सहकार्यको उदाहरण प्रस्तुत गरिरहेको छ । यसको मुख्य अस्पताल चितवनको भरतपुर महानगरपालिका-१०, बाइपासमा रहेको छ । ***रासस***

।सम्पादकीय।

# कृषिमा आत्मनिर्भर नभएसम्म देशको विकास असम्भव

नेपालजस्तो कृषिप्रधान देशमा पहिलो प्राथमिकता कृषिलाई दिनुपर्ने हो । देशलाई कृषिमा आत्मनिर्भर नबनाइएसम्म देश विकास सम्भव छैन । सरकार बहुमत जनताको पक्षमा रहेको भए सरकारले क्रान्तिकारी भूमिसुधार लागू गर्नुपर्ने हो । कृषि पेसालाई वैज्ञानिकीकरण गरिएको भए कृषि भूमि सबै उपयोग गरेर उत्पादन बढाउन सक्थ्यो । देशले खाद्य आयात होइन निर्यात गर्न पाउँथ्यो र देशको आयस्रोत बढ्थ्यो । नेपाली जनताले विदेशबाट आयातीत खाद्यान्न, तरकारी, फलफूल, माछा-मासुकै निम्ति खर्बौं रूपैया खर्चनु पर्दैनथ्यो । यसले देश झन्झन् गरिब हुनेछ र बेरोजगारीको सङ्ख्या बढ्नेछ । कृषिप्रधान देशमा मल कारखाना खोल्ने, नहर बनाई सिँचाइको बन्दोबस्त गर्ने, कृषिविज्ञ र किसानहरूको सल्लाहमा जिल्ला-जिल्लामा कृषि विकासबारे योजना बनाउने काम गर्नुपर्छ । देशलाई कृषिमा आत्मनिर्भर बनाउन कृषि अनुसन्धान शाखाहरूसँग गहिरो छलफल गरी बनाइएको कार्ययोजना लागू गर्नेतर्फ सरकार अघि बढ्नुपर्छ । विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र खुमलटारजस्ता कृषि अनुसन्धान संस्थाहरूलाई कर्मचारी पाल्ने केन्द्रको रूपमा होइन बरू विज्ञान र प्रविधिलाई जनताको जीवनमा समृद्धि ल्याउने र उत्पादन वृद्धि गर्नमा सहयोगी बनाउने काममा सरकारकेन्द्रित हुनुपर्छ ।

हो, कृषि अर्थतन्त्रको मेरूदण्ड हो । यो ६५ प्रतिशत नेपाली जनताको जीविकोपार्जनको मुख्य आधार हो । तर, देशमा कृषिमा आधुनिक प्रविधि छैन; उन्नत बीउबिजन छैन र कृषियन्त्र वैज्ञानिक खेती प्रणाली छ । देशको जीविकोपार्जनमा लाग्ने कृषकहरू नै आज अपहेलित र अपमानित छन् । कृषकहरूलाई उत्साहित बनाएर कृषि उत्पादन बढाउन लाग्नुपर्ने सरकारले देशमा मल उत्पादन त के समयमा मल पनि ल्याउन सकेको छैन । अत: कृषिलाई व्यावसायिक र आत्मनिर्भर बनाइनुपर्छ । कृषकहरूलाई कृषि शिक्षा र तालिमको आवश्यकता पर्छ । जलवायुअनुसार कृषि शिक्षा, ज्ञान, सीप, प्रविधि र अभ्यासलाई आधुनिक विज्ञानसँग संयोजन गरेर कृषि उत्पादन वृद्धि गर्नुपर्छ ।

कृषि उत्पादन घट्दो छ । खाद्यान्न आयात बढ्दो छ । देशको रकम बिदेसिएको छ । उत्पादन बढाउन कृषियोग्य भूमि सबै उपयोग गर्नुपर्छ । उपयोग गर्न र गराउन सिँचाइको बन्दोबस्त गर्दै जाने, कृषि औजारहरू सस्तोमा सर्वसुलभ गराउने, स्वदेशमै मल कारखाना खोल्ने, नयाँ नयाँ बीउबिजन तयार गर्ने काममा सरकार लाग्नुपर्छ । सरकारले त्यस्तो कुनै बन्दोबस्त नगरेको हुँदा वार्षिक खरबौं रूपैयाँको खाद्यान्न, तरकारी, फलफूल आदि आयात गर्न बाध्य छ । कृषिप्रधान देशमा धान, गहुँ, तरकारी, गेडागुडी, फलफूल आदि आयात गर्न बाध्य छ । के यो देशको विडम्बना होइन ? के यो सरकारको बेवास्ता होइन ? के यो सरकारको कमजोरी होइन ?

कुनै पनि सत्तारूढ दलले कृषिलाई प्राथमिकता दिएको छैन; कृषिमा प्राथमिकता नदिनुको अर्थ सरकार बहुमतको पक्षमा नरहेको थाहा हुन्छ । बहुमतको पक्षमा नरहेको सरकार पुँजीपतिवर्गको पक्षमा लागेको स्पष्ट हुन्छ । पुँजीपतिवर्गको पक्ष लिने सत्तारूढ दललाई किसान, मजदुर तथा शोषित पीडित जनताको मत दिनु, त्यस दलमा लाग्नु आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु हो । गरिब जनताको पक्ष नलिने, हित नगर्ने सरकारलाई गरिब जनताले साथ र समर्थन गर्नु न्यायोचित होइन । यो कुरा सर्वसाधारण जनताले पनि थाहा पाउनुपर्छ । सर्वसाधारण जनता कसैको लोभलालचमा फस्नु हुँदैन । कसैको लहलहै, धाक धम्की र दबाबमा जानु उचित होइन । शासकहरू सर्वसाधारण जनताकै काँधमा चढेर जनतामाथि नै रजाइँ गर्छन् । यो पुँजीपतिवर्गको सरकारको उद्देश्य नै हो ।

अल्पमतवर्गको सेवा गर्ने पुँजीपतिवर्गको सरकार पल्टाएर देशमा बहुमत जनताको सेवा गर्ने समाजवादी व्यवस्था आवश्यक छ । कम्युनिस्टहरू समाजवादी व्यवस्था स्थापना गर्न लाग्छन् । नेमकिपा समाजवादी व्यवस्था स्थापना गर्न सङ्घर्षरत छ । देशका सबै कम्युनिस्टहरू सत्तामुखी राजनीति नगरी, सरकारको नेतृत्वको निम्ति भागबन्डा र तँछाडमछाड नगरी आमूल परिवर्तनको पक्षमा लाग्नुपर्छ । पुँजीवादी व्यवस्था नफालेसम्म बहुमत जनताले सुख पाउने छैनन् । देशले विकासको उचाइ माथि पुऱ्याउन सक्ने छैन । सुखी नेपालीको लागि समाजवादी व्यवस्था जरूरी छ ।

# सम्भाषण : रोहितको 'जेलका चिट्ठीहरू'

नेमकिपाका अध्यक्ष रोहितको साहित्य, संस्कृति र राजनीतिमिश्रित कृतिका बारेमा मलाई एघार महिनाअघि जानकारी भयो । रोहितको सङ्घर्षपूर्ण जीवन र उहाँको कृतिसँग परिचित भएको एक वर्ष पनि पुगेको छैन । यो निकै ढिलो भयो । यो मेरो गल्ती हो ।

सन् २०१० मा विद्यावारिधि अध्ययन पूरा गरेपछि प्रतिष्ठाको खोजीमा बुर्जुवा वृत्तमै बढी समय बिताएँ, सायद । मैले रोहितलाई औसत राजनीतिज्ञको रूपमा मात्र देखेँ । उहाँको अगुवाइमा अनवरत जारी भक्तपुरको इतिहासलाई देख्दै देखिनँ । समकालीन भक्तपुर विकासको नमुनालाई पनि नजरअन्दाज गरेँ । जुन विकासका नमुनाको परिकल्पनाकार रोहित हुनुहुन्छ । उहाँको सन् २०१५ मा प्रकाशित 'सय वर्षपछिको भक्तपुर' किताबलाई भनपाले मार्गनिर्देश गरिरहेको विषयबारे पनि भर्खरै मात्र थाहा पाएँ ।

त्रिभुवन विश्वविद्यालयको जीवनी लेखन पाठ्यक्रम पुन:निर्माण गर्ने क्रममा रोहितको 'लेटर फ्रम जेल' (सन् २०२५) प्रकाशित भएको थाहा भयो । जबकि जेलका चिट्ठीहरू किताब नेपालीमा सन् २०१२ मै प्रकाशित भएको रहेछ । मलाई यसबारे जानकारी थिएन । विद्यावारिधिपश्चात् मेरो अध्ययन नेपाल र दक्षिण एसियाली साहित्यिक क्षेत्रमै समर्पित रह्यो । रोहितका कुनै पनि किताबका बारेमा मलाई जानकारी भएन । बुर्जुवा सार्वजनिक वृत्तले उहाँको कृतिहरू अदृश्य बनाइदियो । अथवा म आफैँ सबाल्टर्नको सार्वजनिक वृत्तसम्म फैलन असफल भएँ ? यो मेरो गल्ती थियो ।

धेरैले रोहितलाई साँघुरो राजनीति रङ्गले हेर्छन्, त्यसरी नै चिन्छन् । मैले पनि रोहितलाई सतही रूपमा चिनेको रहेछु, हाम्रो भेटघाट भएको थिएन । यथार्थमा मैले रोहितलाई चिनेकै थिइनँ । उहाँको राजनीतिक व्यक्तित्वभित्र बाँचेको साहित्यिक-सांस्कृतिक सौन्दर्यचेतसँग जोडिएका कृतिहरू मेरो लागि अदृश्य रह्यो । उहाँका साहित्यिक कृतिहरूसँग म पूरै अनभिज्ञ थिएँ । मेरो प्राज्ञिक वृत्तसँग जोडिएका प्राध्यापक, लेखक, बुद्धिजीवी, अभियन्ता कसैले पनि उहाँका कृतिका बारेमा कहिल्यै कुरा गरेको मलाई याद छैन । मैले नचिनेरै रोहितलाई लामो समय बिताएछु । रोहितको मूल योगदान देख्दै देखेनछु । उहाँ जुन देश, समुदाय र संस्कृतिलाई योगदान दिइरहनुभएको छ त्यो देश, समुदाय र संस्कृति मेरो हो । उहाँले जुन विश्व दृष्टिकोणले समुदायको हितमा योगदान दिइरहनुभएको छ त्यो मेरो पनि हितमा छ । जहाँ व्यक्ति, सामूहिक र शक्तिमा रूपान्तरित भइरहेको छ, यस्तो शक्ति जसले सामूहिकता र समुदायको स्वाधीनतामा अभियन्तालाई समर्पित गराउँदो रहेछ । सबाल्टर्न अध्ययनमा तल्लीन भएर पनि यी कुरा मैले देख्दै देखेनछु, दशकौँ दशक । यी कुरा देख्न हाम्रो हेराइ अलग चाहिँदो रहेछ; औपनिवेशिक दृष्टिकोण दिमागबाट हटाउन पर्दो रहेछ । हाम्रो ज्ञानेन्द्रीय तथा भावनात्मक बौद्धिकतालाई पनि औपनिवेशिक प्रभावभन्दा पर राखेर हेर्नुपर्ने रहेछ । तब मात्र रोहित र उहाँको समुदायको विद्रोही चेतनासहित सिर्जित सत्व देख्न सकिँदो रहेछ ।

सन् २०२४ सम्म मैले न रोहितलाई चिनेँ, न त उहाँको कुनै कृति नै पढेँ । जबकि मैले धेरै जेल जर्नलहरू पढेँ र पढाएँ : मार्टिन लुथर किङ जुनियरको 'लेटर्स फ्रम बर्मिंघम जेल,' अन्तोनियो गाम्चीको 'प्रिजन नोटबुक' सहित धेरै कृतिहरू, नुगीवा थियाङको 'डिटेन्ड: अ राइटर्स प्रिजन डायरी,' सिरिन इबादीको 'फ्रम दी लिभिङ रुम टु दी कोर्टरुम,' र 'इरान अवेकनिङ,' अम्बेडकरको 'लेटर फ्रम अम्बेडकर टु डब्लु.ई.बी. दु बोइस्,' बीपी कोइरालाको 'जेल जर्नल,' जङ्गबहादुर राणाको 'बेलायत यात्रा,' लैनसिंह बाङ्देलको 'मुलुक बाहिर,' भन्दै जाँदा लिस्ट लामो बन्दै जान्छ । यद्यपि, रोहितको जीवनभर जारी साहित्य सिर्जना तथा सांस्कृतिक योगदानबारे मलाई एकरत्ति जानकारी थिएन । यो मेरो गल्ती थियो । यो मेरो गल्ती हो ।

सन् २०२५ जुलाईमा विश्वविद्यालयको जीवन लेखन पाठ्यक्रम परिमार्जन गर्दै गर्दा पुँजीवादी बजारमा उपभोग्य वस्तुभैँ बेच्ने उद्देश्यले प्रकाशित किताबभन्दा प्रतिरोधी इतिहासको नमुनालायक जीवनीकृति खोज्न थालेँ । बुर्जुवा सार्वजनिक वृत्तमा अदृश्य रहेको रोहितको जेलका चिट्ठीहरू सबाल्टर्न सार्वजनिक वृत्तमा उपस्थित देखेँ । बाल विकास माध्यमिक विद्यालय प्रकाशक रहेछ, जहाँ अहिले हामी चिनियाँ भाषामा अनुवादित जेलका चिट्ठीहरू सार्वजनिक गर्न भेला भएका छौँ । एउटा गुठी स्कूलले राजनीतिक तथा सांस्कृतिक प्रतिरोधी इतिहास बोकेको किताब प्रकाशन गर्नु नै नमुना कार्य देखिन्छ । शैक्षिक संस्थाहरूसँग जोडिएर बौद्धिक व्यक्तिहरूसँग सङ्गत बढ्यो । पिँढबाट भक्तपुरको बहुआयामिक इतिहास अध्ययन गर्ने ढोका खुल्यो । रोहितको जेलका चिट्ठीहरू पढ्दा हाम्रो इतिहास, राजनीति, संस्कृति र साहित्यका बृहत् ऐतिहासिकता उपस्थित भयो । जसले लुकेर बसेको विद्रोही इतिहास हेर्ने आयामसहित भक्तपुर विकास मोडलको मार्गदर्शन देखाइदियो । यसले आफैले आफूलाई खोज्न पनि अभिप्रेरित गऱ्यो : मकवानपुरमा जन्मिएको एक पहिचानविहीन नेवा: जसले युवा अवस्थामै अङ्ग्रेजी साहित्यमा विद्यावारिधि अध्ययन पूरा त गऱ्यो तर उसलाई आफ्नो भाषा, संस्कृति, गुठी, पुर्खाको उत्पत्ति भूमि आदिबारे केही थाहा छैन । रोहितको किताबका पानाहरूमा आफ्नो पहिचानले आकार लिँदै गरेको आभाष भयो । पुर्खाको उत्पत्ति भूमिको आधार खुल्दै गएको भान भयो ।



तारालाल श्रेष्ठ

यहाँ रोहितको जेलका चिट्ठीहरूबारेमै केही थप कुरा राख्छु । एउटा साहित्यिक कृतिले बहुल अर्थ बोकेको हुन्छ । तिनलाई हेर्ने, विवेचना र विश्लेषण गर्ने निश्चित दृष्टिकोणअनुसार अलगअलग अर्थबोध हुन्छ । न्यु क्रिटिकल दृष्टिकोणले कुनै पनि कृति (टेक्स) लाई ऐतिहासिक परिवेश (कन्टेक्स) भन्दा पर राखेर अध्ययन गर्न सुझाउँछ । कृतिभित्रै शब्द संरचनाले जुन कुरा बोल्छ त्यतिमै कृतिलाई सीमित बनाउन खोज्छ । ऐतिहासिक पृष्ठभूमिमा नउभिइकन प्रभावपरक र पूर्वाग्रही भ्रमबाट मुक्त भई कृतिलाई हेर्ने आग्रहमा न्यु क्रिटिकल दृष्टिकोण कठोर मानकमा रूपान्तरण भएको देखिन्छ । रोहितको कृतिले ऐतिहासिक, सांस्कृतिक र राजनीतिक पृष्ठभूमिलाई समेट्छ र कृति अध्ययनमा यस्ता कठोर मानक भत्काइदिन्छ । साहित्यलाई भूराजनीतिक-सांस्कृतिक विषयसँग जोडिदिन्छ । रोहितको साहित्यिक कृति विशिष्ट सांस्कृतिक इतिहासको रूपमा उपस्थित हुन्छ । जहाँ भूराजनीतिक-सांस्कृतिक विषय साहित्यमार्फत उजागर हुन्छ । साहित्यिक सौन्दर्य सांस्कृतिक-राजनीतिक विषयसँगै प्रतिबिम्बित हुन्छ । रोहितका कृतिलाई अध्ययन गर्दा ऐतिहासिक पृष्ठभूमिलाई पर राख्न मिल्दैन । ऐतिहासिक पृष्ठभूमि कृति सँगसँगै उपस्थित हुन्छ ।

रोहितको कृतिमा, न्यु हिस्टोरिसिस्टले सुझाएभैँ, भूराजनीतिक-सांस्कृतिक सौन्दर्यका आयामहरू ऐतिहासिक र समकालीन सन्दर्भसँगै उभिन्छन् । पाठकले रोहितको जेलका चिट्ठीहरू पढेर मात्र पुग्दैन, ती चिट्ठीहरू जन्माउने ऐतिहासिक परिवेश र परिस्थिति पनि पढ्नु पर्दछ, बुझ्नु पर्दछ । उहाँका चिट्ठीहरूले त्यस समयको प्रतिरोधी आन्दोलन सन्दर्भको ऐतिहासिकता दर्साउँछ । न्यान्सी फ्रेजरको 'सबाल्टर्न पब्लिक' र कार्लो जिन्जबर्गको 'माइक्रोहिस्ट्री' ले औँल्याएभैँ उहाँका चिट्ठीहरूले हैकमले अदृश्य बनाएर दबाइएको इतिहासलाई उजागर गरिदिन्छ । नअटाइएका आवाजलाई सार्वजनिक वृत्तमा उभ्याइदिन्छ । जुगन हबरमासले जसरी बुर्जुवा सार्वजनिक वृत्तको विस्तार गर्दै त्यसैभित्रै आफ्नो आवाज अटाउने स्पेस खोज्न छाडेर अलग्गै सबाल्टर्नको सार्वजनिक वृत्त निर्माणमा रोहितका चिट्ठीहरू वाचाल देखिन्छन् । ग्राम्चीले औँल्याएभैँ, 'हैकम,' 'बौद्धिक,' र 'अथक अभियानकर्मी' को कर्तव्यबोध गराउन उहाँका निजी चिट्ठीहरू सार्वजनिक विमर्शको विषय बनेर गुन्जिन्छन् । जहाँ रोहितको समुदाय 'अथक अभियन्ता' बनेर प्रतिरोधी सिर्जनामा समर्पित देखिन्छन् । उहाँका ससाना चिट्ठीहरू भक्तपुरको कलात्मक तथा सांस्कृतिक प्रस्तुतिभैँ रङ्गीन स्वरूपमा प्रतिबिम्बित हुन्छन् । चिट्ठीमार्फत दबिएका, दबाइएका ऐतिहासिक आवाजहरू प्रतिध्वनित हुन्छन् ।

रोहित त्यसताका २२ महिना जेल परेको बुझिन्छ तर उहाँले जेलबाट कति वटा चिट्ठीहरू लेख्नुभयो, यकिन भन्न सकिन्न । यस कृतिमा सन् १९८८ र १९८९ मा नख्खु जेलबाट लेखिपठाएको २१ वटा चिट्ठी समेटिएको छ । सम्बोधित प्रापक शोभा प्रधानले चिट्ठीको जवाफ लेखिन् वा लेखिनन्; यसै भन्न सकिन्न । कृति पढ्दा उहाँ सन् २०२२ जून २२ मा क्यान्सरका कारण बितेको बुझिन्छ । उहाँको सङ्घर्षका बारेमा मलाई कुनै जानकारी थिएन । एक स्कूल शिक्षिका, बृहत् परिवारकी बुहारी र कमरेड शोभाले भोगेका पीडाका दृश्यहरू चिट्ठीमा यदाकदा टुक्राटुक्री ध्वजाहरूबाट चियाउँदा मात्रै देख्न सकिन्छ । अदृश्यतामै उहाँको उपस्थिति देख्न सकिन्छ । उहाँको अनुपस्थिति नै उहाँको उपस्थिति बन्छ । उहाँको आवाज मौनतामा मात्रै सुनिन्छ । यसरी हेर्दा, भक्तपुरमा प्रतिरोधी बौद्धिक महिला व्यक्तित्व निर्माण कसरी जारी रहन्छ भन्ने विषयले थप अध्ययन मात्रै माग गर्दैन, गायत्री चक्रवर्ती स्पिभाकको दावीमा सहमति वा असहमतिसहित 'सबाल्टर्न बोल्न सक्छ कि सक्दैन' र 'महिला सबाल्टर्न साँच्चै बोल्न सक्दैन त' भन्ने विषयमा गहन बौद्धिक विमर्श माग गर्छ । भक्तपुरको महिला नेतृत्वको सुनिश्चित भविष्यका लागि यो विमर्श अत्यावश्यक देखिन्छ ।

शोभा प्रधानको मौनताभित्र अध्यक्ष रोहित अथक अभियन्ताको लडाइँ लडिरहेको देखिन्छ । जहाँ उहाँको समुदाय प्रत्यक्ष परोक्ष दुवै स्वरूपको हैकमविरुद्ध उभिन्छन् । वैकल्पिक शक्ति निर्माणको क्रममा राजनीतिक दल गठन गर्छ, नेमकिपा । स्थानीय र अन्तर्राष्ट्रिय दुवै स्वरूपका दमनकारीविरुद्ध उनीहरू निरन्तर उभिन्छन् । रन्जित गुहाले सबाल्टर्न अध्ययनको क्रममा उजागर गर्ने गरेको विचारले भन्छ : 'हैकम होइन जस्तो लाग्ने, हैकम' देखिने हैकमभन्दा बढी डरलाग्दो दमन लाद्न सक्रिय रहन्छ । आफ्नो समुदाय र देशमा 'डोमिनेन्स वीदाउट हेजेमोनी' डरलाग्दो रूपमा लादिएको देख्ने रोहित जीवनभर प्रशिक्षक, विद्रोही अगुवा र सङ्गठक बनेर साहित्यलाई संस्कृति र राजनीतिसँग जोडिरहेको सिर्जनशील व्यक्तिका रूपमा देखा पर्छन् ।

विश्वविद्यालयमा जीवन लेखनी अध्ययनको क्रममा एउटा उदाहरण दोहोऱ्याइरहन्छु : हाम्रो जीवन नै इतिहास, भूगोल, धर्म, आध्यात्म, सङ्गीत, भाषा, साहित्य सबै हो, के चाहिँ होइन र ? यो तथ्य रोहितको लेखनीमा प्रतिबिम्बित देखिन्छ, उहाँका चिट्ठीहरूमार्फत । उहाँको जीवनीपरक अस्तित्वहरू : ऐतिहासिक, साहित्यिक र राजनीतिक अस्तित्व एक आपसमा खप्टिएर उपस्थित हुन्छन् । पाठकलाई उहाँको स्पट पहिचान पहिल्याउन गाह्रो पर्छ । एक राजबन्दी चिट्ठीहरूमार्फत बौद्धिक विद्रोही व्यक्तिका रूपमा पुस्तकका पानाभरि उभिन्छन् । कतै प्रेमिल श्रीमान् त कतै प्यारो बुबा बनेर उभिन्छन् । यद्यपि, उहाँ सामाजिक सांस्कृतिक अभियन्ता तर आफ्नो वैचारिक, नैतिक राजनीति र व्यवहारबाट सदा अविचलित देखिनुहुन्छ । उहाँको वैचारिक व्यवहारबाटै आफ्नो समुदाय र देशप्रति समर्पित देखिन्छ, जसको उपलब्धि समकालीन भक्तपुर विकासका कार्यहरूमा पनि प्रतिबिम्बित देखिन्छ ।

अन्तमा, आफ्ना गल्तीहरू स्वीकार गर्दै कसैले पत्याउन वा नपत्याउन, स्वाधीन स्वरमा यति भन्छु : रोहितका निजी चिट्ठीहरूले बृहत् भूराजनीतिक-सांस्कृतिक सूक्ष्म इतिहास उजागर गर्छ जहाँ 'म्याक्रो इतिहास' 'माइक्रो इतिहास' मार्फत प्रतिबिम्बित हुन्छ । उहाँको जीवनीमिश्रित यी चिट्ठी र अन्य कृतिहरूले हामीलाई क्षणिक होइन अनवरत समर्पित 'अथक अभियन्ता' बन्न अभिप्रेरित गर्दछ, जुन सामुदायिक शक्ति, सांस्कृतिक सौन्दर्य र नैतिक राजनीतिको रक्षार्थ अपरिहार्य हुन्छ ।

***(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरू' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी केन्द्रीय विभागका उपप्राध्यापक तारालाल श्रेष्ठले व्यक्त गर्नुभएको हो-सं)***

# मार्चको विद्रोह-२

● अन्ना लुइस स्ट्रङ


*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

१९५८ को वसन्तमा तिब्बती क्षेत्र सिङ्घाइ र कान्सुमा स-साना विद्रोहहरू भए । सो विद्रोह 'प्रजातान्त्रिक सुधारका' विरुद्धमा मठहरू र जमिनदारहरूले खालि-मठहरूले बढी तिरो लिने जग्गामा लिन नहुने, मठलाई कारागार र अदालतको अधिकार नहुने गरिएको थियो । सो विद्रोह दबाइएपछि प्रजातान्त्रिक सुधार अघि बढ्यो र लामाहरूलाई 'नागरिक स्वतन्त्रता' दिइयो । त्यसपछि लामाहरू पनि मठहरूबाट घर गई जग्गा लिन थाले ।

विद्रोह दबाइसकेपछि प्राप्त कागजातहरूबाट सो विद्रोह ल्हासाबाट प्रोत्साहित गरिएको र मठहरूको आयोजनामा साम्यवादविरोधी 'पवित्र युद्ध' (Holy War) को नाममा भएको खुल्यो । भारतमा प्रकाशन गरिएका कागजातमा चिनियाँ कम्युनिस्टहरूलाई सरापिएको थियो । विद्रोही सङ्गठनको नामकरण 'चार नदीहरू र ६ पहाडी श्रृङ्खलाहरू' राखिएको थियो । दलाइ लामाको लागि चन्दा सङ्कलन गर्न गठन गरिएको भनिएको सो सङ्गठन आतङ्कवादी भएको र तिब्बती विद्रोहका अपराधीहरू हवाईजहाजबाट खसालिएको पछि थाहा भयो ।

१९५८ मा तिब्बतभित्र विद्रोह सुरु गर्दा 'तिब्बतको अन्नको भण्डार' भनिने ल्हासाको दक्षिणी भाग लोका (Loka) मा अमेरिकी हातहतियार ठुलो मात्रामा हवाईजहाजबाट खसालिएको थियो । भारतसँग सिमाना जोडिएको लोकामा विदेशीहरूसित सम्पर्क गर्ने र सैनिकहरूलाई रसद पुऱ्याउने जिम्मा भारतले लिएको थियो । खम्पालीहरूसहित विद्रोहीहरूले ल्हासाको निम्ति एउटा नयाँ बिजुली घर बनाउन ल्याइएको काठको ढुवानीमा हमला गरे । विद्रोहीले तिब्बती जनतामा आतङ्क मच्चाएको, लुटपाट र बलात्कार गरेको उजुरीहरू जनमुक्ति सेनाको कार्यालयमा परे ।

ती सबै गुनासाहरू तिब्बतको स्थानीय सरकार कासागमा पठाइयो किनभने स्थानीय शान्ति सुरक्षाबारे कासाग जिम्मेवार थियो । कासागले सधैँ त्यसको राम्रो नियन्त्रण गर्ने आश्वासन दिन्थ्यो तर वास्तविकतामा विद्रोहीहरूसँगै साँठगाँठ गर्दथ्यो ।




कासागप्रतिको यस सामान्य सम्मानलाई तिब्बती उच्च वर्गले पेचिङको कमजोरीको रूपमा लिए । १९५९ फेब्रुअरीमा तिब्बतको महान् चाड मोन्लाम (Monlam) र तिब्बती नयाँ वर्ष सुरु भएको अवसर पारेर षड्यन्त्र अझ चुलीमा पुग्यो । कासागका सदस्यहरूले केन्द्रीय सरकारको प्रान्तीय व्यापारिक कार्यालयमा अधिकार दिनुपर्ने माग गरे । त्यसलाई अस्वीकार गरिए पछि तिब्बती सेनाले कम्युनिस्ट पार्टीको प्रधान कार्यालयतर्फ मेसिनगन तेर्स्यायो । यो काम विद्रोहको सुरुवातको रूपमा गरिएको थियो ।

मार्च १० को दिन बिहानपख दलाइ लामा जनमुक्ति सेनाको सैनिक मुख्यालयमा सैनिक प्रदर्शन हेर्न आउने कार्यक्रम थियो । तस्बीर खिच्नेहरू, टेप रेकर्ड गर्नेहरू र मुख्य-मुख्य आयोजकहरू सम्माननीय पाहुनाहरूको निम्ति पर्खिरहेका थिए र दलाइ लामालाई धूलो नउडोस् भनी सडकमा पानी छर्किएको थियो । उनी कार्यक्रममा आएनन् । रेडियोको एक प्राविधिक अत्तालिदै आएर 'उनलाई प्रतिक्रियावादीहरूले रत्न बगैँचा (Jewel Park) को ग्रीष्म दरबारमा घेरेको' बतायो । तिनीहरूले प्रगतिशीलहरूको हत्या गरेको र जनतामा हाहाकार फैलिएर ओत लाग्ने ठाउँ खोज्दै गरेको बतायो । हतियारधारी घोडचढी तिब्बतीहरूको एक समूहले एक प्रगतिशील तिब्बती खान्दानीको रक्ताम्य शव सडकमा फालेर जनतामाझ त्रास फैलाए ।

रत्न बगैँचामा १० मार्चमा विद्रोही प्रतिनिधिहरूको बैठकले चीनबाट तिब्बत मुक्तिको घोषणा गऱ्यो र भारतको कालिम्पोङलाई समाचार सम्प्रेषण गरिदिन अनुरोध गरी तार पठायो । १० दिनसम्म तिनीहरूले ल्हासामा आतङ्क मच्चाए, १५ मार्चमा तिनीहरूले जोखाङ नजिकका मठका सबै भिक्षुणीहरूलाई बलात्कार गरेको खबर जनमुक्ति सेनालाई पुग्यो । त्यस खबरलाई जनमुक्ति सेनाले कासागमा पठायो ।

जनमुक्ति सेना स्वयं पनि पर्खालको ढोका लगाएर भित्र बसेर पेचिङको आदेश कुरिरहेको थियो । पहिलो रक्षाका लागि तिनीहरूसित पर्याप्त हतियार र तालिम उपलब्ध थियो तर तिनीहरू प्रतिकारमा उत्रेनन् ।

१६ मार्चको दिन एक फोटो पत्रकारले कारमा बसेर विद्रोहीहरूको प्रदर्शन र तिनीहरूले खनेको किल्लाबन्दीको फोटो खिचे । उनीहरूले विद्रोहीहरूले जनमुक्ति सेनालाई सहयोग गरेकोले आँखा फोरिदिएको र नाक काटिदिएको व्यक्तिको फोटो पनि खिचे ।

त्यसबेला सैनिक मुख्यालयका अध्यक्ष तान कुआन सान (Tan Kuan–San) ले दलाइ लामालाई तीनवटा पत्र पठाए र दलाइ लामाले तीनवटै पत्रको जवाफ पठाए । पहिलो पत्र बोकेका दलाइ लामाका 'जाहेरीवाला' (Reader) जीवित बुद्ध जाल्टसोलिन (Jaltsolin) ले पत्र लामाकहाँ दिएलगत्तै विद्रोहीद्वारा पक्राउ परे । बाँकी चिठीहरू एपेई (Apei) ले विभिन्न लामाहरूलाई दलाइ लामाको उपस्थितिमा दिए । पछि तिनीहरूले दलाइ लामा भारतमा बसेको थाहा पाए ।

ती चिठीहरूले दलाइ लामालाई उनको इच्छाबेगर विद्रोहीहरूले बन्दी बनाएको दाबी गरेको थियो ।

१८ मार्चका दिन दलाइ लामाले ल्हासा छोडेको कुरा बाहिर आयो । 'उनलाई विद्रोहीहरूले हिजो राति अपहरण गरेको' हल्ला चल्यो । उनले ल्हासा छोड्नुको वास्तविक स्थिति अहिले पनि रहस्यमय नै छ । तर, उनी धेरै दिनसम्म लोकामा विद्रोहीहरूसँगै रहेका थिए । ल्हासामा विद्रोहीहरू हारेपछि विद्रोहीहरूसँगै उनी भारत गएको थाहा भयो । उनलाई विद्रोहीका नेताका रूपमा भारतमा नेहरूले स्वागत गरे ।

त्यसपछिका महिनामा भारतबाट दलाइ लामाको नामबाट उनका प्रतिक्रियावादी भूदास मालिकहरूका दलबल अथवा वासिङटन र ताइवानसँग सम्बन्ध भएका उनका दाजु वा उनी स्वयम्को उपस्थितिमा विभिन्न चीनविरोधी वक्तव्यहरू निस्किए । यीमध्ये जून ३० को दिन दलाइ लामाको उपस्थितिमा पत्रकार सम्मेलन गरेर अङ्ग्रेजीमा निकालिएको वक्तव्य अझ बढी कडा थियो । त्यसमा १९५९ को सम्झौतादेखि आजसम्म पेचिङले तिब्बतप्रति गर्दै आएको कार्यको भर्त्सना, तिब्बतको मुक्ति र 'विशाल तिब्बत' (Greater Tibet) को माग र पेचिङसँग प्रत्यक्ष सम्पर्क नगर्ने, पेचिङको कुरामा विश्वास नभएकोले ऊसित व्यवहार गर्दा तेस्रो शक्ति, मानौं भारतको माध्यमबाट मात्र गर्ने उल्लेख गरिएको थियो । त्यो यति विडम्बनापूर्ण थियो कि पश्चिमी टिप्पणीकारहरूले दलाइ लामाले तिब्बतमा फर्कने सम्भावनालाई 'ढोका बन्द गरेको' प्रतिक्रिया दिए ।

पेचिङले ती आरोपहरूलाई र दलाइ लामाले बितेका ८ वर्षहरूमा चिनियाँ नीतिको प्रशंसा गरेका वक्तव्यहरूलाई एक-एक गरी प्रकाशित गर भन्नेमात्र प्रतिक्रिया जनायो । पेकिङले उनी फर्कन चाहन्छन् भने उनको पद र दरबारहरू उनकै लागि राखिछाडेको प्रस्ट गऱ्यो । अझ पेचिङले तिब्बतको स्थानीय सरकारको उनको समारोही पदको हक र चिनियाँ केन्द्रिय सरकारको स्थानीय समितिको उनको उपाध्यक्ष पदलाइ खारेज गरेन । त्यसपछि डिसेम्बर १९६४ मा प्रधानमन्त्री चाउ एन-लाईले राष्ट्रिय प्रतिनिधिसभा (National People Congress of China) मा १९५९ मा सशस्त्र विद्रोह गरी 'दलाइ लामा गुट' ले पछि भारत गई गरेका कामहरूले दलाइ लामा एक विश्वासघाती सावित भएको र राज्यपरिषद् वा मन्त्रिपरिषद्ले तिब्बत स्वायत्त क्षेत्रको अध्यक्षको पद र तयारी समितिको सदस्यबाट हटाउने निर्णय गरेको बताए । तिब्बतमा उनको प्रतिष्ठा छिट्टै नै घट्दै गयो ।

आश्चर्यको कुरो के थियो भने मार्च १० देखि २० सम्म दलाइ लामाको नेतृत्वको विद्रोहीहरूले ल्हासामा आतंक, लुटपाट, बलात्कार र मानव संहार गरिरहँदा पनि जनमुक्ति सेना चुप लागेर आफ्नो कार्यालयमा बसिरहेको थियो । धेरैपल्ट जनमुक्ति सेनाका मान्छेलाई सो प्रश्न मैले दोहोऱ्याएपछि उनले बताए, "अझै पनि कासाग कानुनी सरकार थियो र ल्हासाका जनता यसबाट अलग्ग भएका थिएनन् । यस्तो स्थितिमा हाम्रो रणनीति सधैँ लडाइँको सुरुवात वा विकास गर्नु नभई शत्रुबाट सुरुवात गराउनु र तिनीहरूद्वारा युद्धलाई निरन्तरता दिलाउनु र जनतालाई वास्तविक आक्रमणकारी र विनाशकारी को हुन् चिन्न लगाउनु हो । पछि हामीले प्रत्याक्रमण गर्दा जनता हाम्रो साथमा हुनेछन्, तिनीहरू हार्नेछन् । ती १० दिनमा विद्रोहीहरूले ल्हासाका जनतालाई गुमाए ।"

२० मार्च बिहान ३:४० बजेदेखि विद्रोहीहरूले ल्हासाको सबभन्दा उचो ठाउँ पोताला दरबारबाट पूरा सहरभरि राइफल, तोप र बारुद पड्काए । रत्न बगैँचा र पोताला दरबारबाट आगोको मुस्लो निस्कियो । सहरभरि राइफलको आवाज र तोप पड्केको मात्र सुनिन्थ्यो । पछि जनमुक्ति सेनाले प्रतिहमला गर्दै फलामे पहाडको टुप्पोमा पोताला दरबारको तोपखाना कब्जामा लिए । थोरै विद्रोहीहरू मारिए र समातिए, धेरैजसो भाग्न सफल भए । जनमुक्ति सेना ल्हासा विद्रोहीहरूलाई ४७ घण्टाभित्र नियन्त्रणमा लिन सफल भयो । जनमुक्ति सेनाले विद्रोहीबाट कब्जामा लिएका हातहतियार बेलायत, अमेरिका, फ्रान्स र जारको पालाका रुसी पुरानो सेनाको हतियारसमेत थिए ।

मार्च २८ सम्म पनि कासाग (Kashag) तिब्बतको कानुनी स्थानीय सरकार थियो । तथापि यसका ६ जनामा ४ जना सदस्यहरूले विद्रोहको नेतृत्व गरेका थिए र ३ जनाले दलाइ लामालाई ल्हासाबाट लगेका थिए । कासागका ३ जना सदस्यका साथमा दलाइ लामा तिब्बत नफर्की भारतमै बस्ने भएपछि मार्च २८ को दिन पेचिङ राज्यपरिषद्ले तिब्बतको स्थानीय सरकार खारेज गऱ्यो र तिब्बत स्वायत्त प्रदेशको तयारी समितिले यसको अधिकार खारेज गरेको कुरा २ दिनअघि भारतमा सूचित गऱ्यो । १९५६ मा गठित त्यस समितिको तर्फबाट कुनै रोकावटबिना सरकार चल्यो ।

तदर्थ समितिमा दलाइ लामा अध्यक्ष, अनुपस्थितिमा पनि तिब्बतको स्थापनाको प्रमुख पदमै रहे । उपाध्यक्ष पन्चेन एर्डेनी बने र 'दलाइ लामा ल्हासा नफर्कुन्जेल' का लागि उनले कार्यकारी अध्यक्षको पद सम्हाले । अप्रिल ८ को दिन कार्यकारी अध्यक्ष पद सम्हालेपछि भोलिपल्ट उनी चिनियाँ राष्ट्रियसभामा तिब्बती प्रतिनिधित्व गर्न लानचाउ (Lanchau) हुँदै पेचिङ उडे ।

चिनियाँ सरकारको विरुद्ध मात्र होइन पञ्चेन एर्डेनीको नेतृत्वमा बनेको तिब्बतको नयाँ सरकारको विरुद्धमा विद्रोह हुन नदिन अब जनमुक्ति सेना ल्हासाबाट हिँड्यो । जनमुक्ति सेना जहाँ जहाँ पुग्यो, तिनीहरूले मठहरू र खान्दानीहरूको घरहरूबाट ठुलो कोर्रा र यातना दिने औजारहरू जफत गरे, तिनीहरूलाई प्रान्तीय सरकारको सेना नियन्त्रणमा राखे तथा विद्रोहीहरूको सबै जग्गा जमिनमा त्यो वर्ष ज-जसले बाली लगाएका थिए, तिनीहरूले नै बाली पाउने पनि घोषणा गरे । विद्रोहीहरूले लुटेको अन्नका बीउहरू किसानहरूलाई बाँडे ।

अप्रिल ७ र ८ को दिन जनमुक्ति सेना ल्हासाको दक्षिणी नदी स्याङपो (Tsangpo) पार गरेर लोकामा पुगे । विद्रोहीहरूको आधार शिविर रहेको लोकालाई विद्रोहीहरूले तिब्बतभरि लामो गुरिल्ला युद्ध लड्नका निम्ति 'नयाँ राजधानी' का रूपमा तयार पारेका थिए । त्यहाँ ल्हासामा भन्दा झण्डै दोब्बर १२,००० विद्रोहीहरू बसेका थिए । जनमुक्ति सेनाले त्यहाँ दुई हप्तासम्म ४७ पटक युद्ध लडे तथा चार प्रमुख सहरहरू कब्जामा लिए ।

अप्रिलको अन्तमा जनमुक्ति सेनाले लोकामा राजनैतिक र सैनिक सङ्घर्षलाई सँगसँगै अघि बढाए । समातिएका विद्रोहीहरूलाई नमार्ने, आत्मसमर्पण गरेकालाई कारागार चलान नगर्ने र पहिले गरेका गल्तीको जनताबिच बेइज्जत नगर्ने र 'राम्रो काम गरेकालाई पुरस्कार दिने' घोषणा गर्दै जनमुक्ति सेनाले सहरमा सूचनाहरू टाँसे, जनताबिच बैठकहरू राखे । आत्मसमर्पण गर्नेका नाइकेलाई १०० युआन 'युद्धको लागत बचाइदिएको' भन्दै पुरस्कार दिए । त्यसपछि सहरी बासिन्दाहरू, किसानहरू र समातिएका विद्रोहीहरू स्वयम् अन्य विद्रोहीहरूलाई खोज्न र आत्मसमर्पणका लागि उत्प्रेरित गर्न गए । विद्रोहमा लागेका छोरालाई बुबाले, श्रीमतीले श्रीमान्लाई र किसानहरूले आफ्ना छिमेकीहरूलाई विद्रोहबाट फर्काउन हिंडे । जनमुक्ति सेनाको विश्लेषणअनुसार 'ती विद्रोहीहरूले राष्ट्रियता वा धर्मका लागि विद्रोह गरेका थिएनन् तर दास मालिकहरूले दासप्रथालाई चालू राख्न गरेको लडाइँ थियो ।' ८० प्रतिशत विद्रोहीहरू बलजफ्ती र धोका दिएर विद्रोहमा ल्याइएका थिए । विद्रोहीहरूको विभिन्न दर्जामा पनि तिब्बती र खम्पाहरूबिच, लामाहरू र तिब्बती सेनाबिच मत भिन्नता थियो ।

आउँदो सुधारका कार्यक्रमहरूको लागि तयार गर्न र प्राविधिक रूपमा अझै पनि दासका रूपमा रहेका किसानहरूलाई सङ्गठित गर्न हजारौँ जनमुक्ति सेना लागे । तिनीहरूले 'किसान सङ्घ' गठन गरेर सहरीकरण र प्रान्तीय सरकार गठन गर्ने तयारी गरे । विद्रोहीबाट घाइते भएका र बलात्कृत भएका महिलाहरूको उपचार, किसानहरूलाई बीउ वितरण, प्राथमिक विद्यालय सञ्चालन गरे ।

दुई महिनासम्म जनमुक्ति सेना, तदर्थ समिति र कार्यकारी समितिले तिब्बतभरिका विभिन्न क्षेत्रहरू भ्रमण गरी जनताका इच्छा, आकाङ्क्षा र सूचना सङ्कलन गरे । सबै ठाउँमा मानिसहरू सुधार कहिले आउँछ भनी सोध्थे । मानिसहरूले कोर्रा र यातना दिने औजारहरूको जफतलाई सुधारको पहिलो सङ्केतको रूपमा र बाली जोत्नेलाई दिनुलाई पहिलो सर्तका रूपमा बुझे । दासहरू, भूदासहरू र गृहिणीहरू सुधारलाई कसरी लागू गर्ने भन्दै विभिन्न कार्यालयहरूमा सोध्न जान्थे । तिब्बतका केही प्रान्तहरूमा जनताको प्रान्तीय सरकार गठन गरियो । तिब्बती जनता आफ्ना घरका मालिक आफै भए ।



२८ जूनको दिन पञ्चेन एर्डेनीको अध्यक्षतामा नयाँ स्थानीय सरकारको दोस्रो पूर्ण बैठक सुरु भयो । पहिलो बैठक ८ अप्रिलको दिन प्रजातान्त्रिक सुधारको तदर्थ समितिले सत्ता हातमा लिएको थियो । दोस्रो बैठकमा 'प्रजातान्त्रिक सुधार' को कार्यक्रम पारित भयो । सभालाई विभिन्न सामाजिक दर्जाका सबै क्षेत्रका ६०० जना मानिसहरूले अवलोकन गरे भने तीमध्ये १०० जना दासहरू, नयाँ किसान सङ्घले प्रतिनिधिका रूपमा पठाएका थिए । इतिहासमा पहिलो पटक तिब्बतका दासहरू, मालिकहरू वा कुलीनहरू सँगै एउटै कोठामा बसेका थिए ।

तीन महिनासम्मको छलफलपछि 'प्रजातान्त्रिक सुधार' लाई दुई चरणमा गर्ने प्रस्ताव राखियो । पहिलो चरणमा 'तीनवटा उन्मूलन र दुइटा घटाउने' (सान फान र सुयाङ जियान' (San fan and shuang jian) भयो । विद्रोह, जबरजस्ती श्रम र व्यक्तिगत नोकर चाकर राख्ने काम उन्मूलन तथा जग्गाको तिरो र ब्याजदर घटाइने भयो । दोस्रो चरणमा पहिलेका दासहरूलाई नि:शुल्क रूपमा भूमि र जग्गा वितरण गरिने भयो ।

आठ वर्षमा पेचिङले सुधारका लागि चाहिने कर्मचारीहरू तयार पारे । १०,००० भन्दा बढी तिब्बतीहरूले चीनको विभिन्न भागहरूमा शिक्षा लिए । धेरैजसो दासहरू जनमुक्ति सेनामा भर्ती भए । ५५५ तिब्बती कार्यकर्ताहरू, कर्मचारीहरू, तिब्बती स्वायत्त क्षेत्रमा काम गर्न गए । तिब्बतमै पनि दासहरूबिचमा कार्यकर्ताहरू छिटोछिटो बढे, निरक्षर जनसङ्ख्या बाँकी रहे पनि स्थानीय अनुभवबाट सिक्दै पनि थिए । लामाहरू पनि विद्रोह दबाउन र किसानहरूमाझमा सङ्गठन गर्न सहयोग गरिरहेका थिए ।

नयाँ तिब्बत निर्माणका लागि यतिले पुग्दैनथ्यो, सबै जना मिलेर अघि बढ्नुपर्छ भनी सबैतिरका जनता उठे र सिक्दै गए । दासहरू सचेत भए तथा सुधारको रक्षा गर्ने तिब्बती जनतालाई कहिल्यै पनि पेचिङ र ल्हासाप्रति आस्थावान हुनका लागि दबाब दिइएन । जनमुक्ति सेनाले यातना गृह र यातना दिने औजारहरू जफत गर्ने, जग्गामा बाली लगाउनेको हुने घोषणा गरेपछि तिनीहरू स्वत: पेचिङप्रति निष्ठा राख्न थाले । जनता कोप्रति निष्ठा राख्ने भन्ने द्वन्द्वबिना नै पुरानो व्यवस्थालाई कति हदसम्म घृणा गर्थे र कसरी तिनीहरू स्वतन्त्र बन्ने भनी सचेत भए ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***

***समाप्त***




महान् पितृभूमि मुक्ति युद्धमा विजयको ७३ औँ वार्षिक दिवस मनाउन प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङस्थित मुख्य रेल्वे स्टेसनमा देशका विभिन्न भागबाट राजधानी प्योङयाङ आइपुगेका विभिन्न वीरताका पदक प्राप्त अवकाश प्राप्त कोरियाली जनसेनाका पदाधिकारीहरू जुलाई २६, २०२६ का दिन ।

*तस्बिर : केसिएनए*

# 'स्ट्रेट अफ होर्मुज' व्यवस्थापनबारे ओमानसँगको वार्तामा प्रगति : इरान

तेहरान, २६ जुलाई (एएफपी) । इरानले रणनीतिक 'स्ट्रेट अफ होर्मुज' व्यवस्थापन तथा त्यहाँबाट पानीजहाजको सुरक्षित आवतजावत सुनिश्चित गर्ने विषयमा ओमानसँग भएको वार्तामा प्रगति भएको जनाएको छ ।

तेल तथा ग्यासको अन्तर्राष्ट्रिय व्यापारका लागि महत्त्वपूर्ण मानिने उक्त जलमार्ग इरान र ओमानको जलक्षेत्रसँग जोडिएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकायीले शुक्रबार र शनिबार तेहरानमा इरान र ओमानका उपविदेशमन्त्रीबिच वार्ताका विभिन्न चरण सम्पन्न भएको बताउनुभयो ।

उहाँका अनुसार दुवै देशको सार्वभौम अधिकारको सम्मान गर्दै 'स्ट्रेट अफ होर्मुज' बाट पानीजहाजको सुरक्षित आवतजावत सुनिश्चित गर्ने साझा सिद्धान्त र सञ्चालन संयन्त्र निर्माणमा वार्ता केन्द्रित थियो ।

बाकायीले वार्ता उपयोगी र प्रगतिपूर्ण रहेको बताउँदै दुवै पक्षबिच प्राविधिक तथा राजनीतिक परामर्श जारी रहेको जानकारी दिनुभयो ।

जुन महिनामा इरान र ओमानले 'स्ट्रेट अफ होर्मुज' हुँदै आवतजावत गर्ने पानीजहाजमाथि सेवा शुल्क लगाउने विषयमा छलफल गर्ने बताएका थिए । अमेरिकाले भने उक्त प्रस्तावको विरोध गरेको थियो ।

ओमानले आफ्नो जलक्षेत्र हुँदै पानीजहाजलाई 'स्ट्रेट अफ होर्मुज' पार गर्न सकिने बताएपछि इरान असन्तुष्ट बनेको थियो । त्यसपछि तेहरानले जलमार्गमा तनाव बढाउने कदम चालेको थियो । इरानले शनिबार करिब दुई सातासम्म चलेको अमेरिकी आक्रमणपछि पछिल्लो समय कुनै नयाँ अमेरिकी आक्रमण नभएको जनाएको छ ।

समाचार वेबसाइट 'एक्सियोस' का अनुसार अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) ले राष्ट्रपति डोनाल्ड ट्रम्पसमक्ष लगातार १४ औँ रात इरानमाथि आक्रमण गर्ने योजना प्रस्तुत गरेको थियो । तर, ट्रम्पले पुन: वार्तालाई प्राथमिकता दिँदै उक्त योजना स्वीकृत गर्न अस्वीकार गरेका थिए ।

प्रतिवेदनअनुसार 'स्ट्रेट अफ होर्मुज' पुन:खोल्ने नयाँ व्यवस्थाबारे वार्ता गर्न ओमानी प्रतिनिधिमण्डल तेहरान पुगेपछि ट्रम्पले आक्रमण रोक्ने निर्णय गरेका थिए । यसैबिच, 'स्ट्रेट अफ होर्मुज' मा पानीजहाजको आवतजावतको अवस्थाबारे सोधिएको प्रश्नमा बाकायीले हालसम्म कुनै परिवर्तन नभएको बताउनुभएको छ ।


# माउन्ट ओलम्पस र जापानका प्राचीन राजधानी विश्व सम्पदा सूचीमा

सोल, २६ जुलाई (एपी) । दक्षिण कोरियामा जारी संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को विश्व सम्पदा समितिको बैठकले ग्रीसको प्रसिद्ध माउन्ट ओलम्पस तथा जापानका प्राचीन राजधानी आसुका र फुजिवारालाई विश्व सम्पदा सूचीमा समावेश गरेको छ ।

बुसानमा बुधबारसम्म चल्ने समितिको बैठकले दक्षिण सुडानको 'बोमा–बाडिङगिलो माइग्रेटरी ल्यान्डस्केप' लाई पनि विश्व सम्पदा सूचीमा समावेश गरेको छ । विश्वकै सबैभन्दा ठूलो स्थलीय स्तनधारी जीवको बसाइँसराइ हुने क्षेत्रमध्ये एक मानिने यो स्थल दक्षिण सुडानबाट विश्व सम्पदा सूचीमा समावेश भएको पहिलो सम्पदा हो ।

बाह्रौँ ओलम्पियन देवताको पौराणिक बासस्थान मानिने माउन्ट ओलम्पसलाई सांस्कृतिक तथा प्राकृतिक दुवै महत्त्व बोकेको मिश्रित सम्पदाका रूपमा सूचीकृत गराउन ग्रीसले गरेको १२ वर्ष लामो प्रयासले सफलता पाएको हो । समुद्री सतहबाट दुई हजार ९१८ मिटर उचाइमा रहेको यो हिमाललाई प्राचीन ग्रीक मिथकमा देवताका राजा जियसको सिंहासन मानिन्थ्यो । यहाँ जैविक विविधता पनि समृद्ध रहेको छ ।

माउन्ट ओलम्पसको फेदीमा रहेको डिओन–ओलम्पस नगरपालिकाका मेयर इभान्जेलोस गेरोलिओलियोसले विश्व सम्पदा सूचीमा समावेश भएपछि यसको संरक्षणको दायित्व थप बढेको बताउनुभएको छ । उहाँका अनुसार यसबाट पर्यटन बढ्ने सम्भावनासँगै त्यसबाट वातावरणमा पर्न सक्ने प्रभावलाई समेत ध्यान दिनुपर्नेछ ।



युनेस्कोका लागि ग्रीसका प्रतिनिधि जर्जियोस कौमौत्साकोसले माउन्ट ओलम्पसको संरक्षण गर्दै वर्तमान तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

यसैगरी, जापानको नारा प्रिफेक्चरमा रहेका आसुका र फुजिवारा प्राचीन राजधानी क्षेत्रका १९ पुरातात्विकस्थल विश्व सम्पदा सूचीमा समावेश भएका छन् । छैटौँदेखि आठौँ शताब्दीसम्मका यी स्थलमा जापानमा चिनियाँ प्रणालीको प्रभावमा विकसित पहिलो केन्द्रीकृत राज्यका दरबार, सरकारी कार्यालय, बौद्ध मन्दिर तथा चिहानका अवशेष रहेका छन् ।

यी प्राचीन राजधानीले पछि विकसित नारा र क्योटो राजधानीको स्वरूपमा प्रभाव पारेका थिए । जापानका संस्कृतिमन्त्री कोबायाशी शिगेकीले विश्व सम्पदा सूचीमा समावेश गरेकोमा युनेस्को समितिप्रति आभार व्यक्त गर्दै यी सम्पदालाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

नारा निवासी जापानी प्रधानमन्त्री सानाए ताकाइचीले सामाजिक सञ्जाल 'एक्स' मार्फत विश्व सम्पदा मान्यता प्राप्त भएपछि उक्त क्षेत्रमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने आशा व्यक्त गर्नुभएको छ ।

नारा विश्वविद्यालयका पुरातत्व प्राध्यापक योशियुकी आइहाराका अनुसार आसुका–फुजिवारा क्षेत्र जापानको प्राचीन राज्य निर्माणमा चीन तथा कोरियाली प्राय:द्वीपको प्रभाव बुझ्न महत्त्वपूर्ण छ । उहाँका अनुसार उक्त क्षेत्रमा जमिनमुनि पुरिएका ऐतिहासिक अवशेष अझै उत्खनन भइरहेका छन् ।

दक्षिण सुडानको बोमा–बाडिङगिलो क्षेत्रमा मौसमी वर्षा र बाढीले निर्माण गरेका विशाल सिमसार, बाढी मैदान तथा सवाना क्षेत्र रहेका छन् । युनेस्कोका अनुसार यहाँ अनुमानित ६० लाख सेतो कान भएका कोब, टियाङ र मोङगल्ला हरिणले वातावरणीय अवस्थाअनुसार मौसमी बसाइँसराइ गर्छन् ।

उक्त क्षेत्र हात्ती, सिंह, चितुवालगायतका वन्यजन्तुको महत्त्वपूर्ण बासस्थानसमेत हो । साथै, शताब्दीयौँदेखि पशुपालन, खेतीपाती तथा माछा मारेर जीविकोपार्जन गर्दै आएका विभिन्न जातीय समुदाय पनि यस क्षेत्रमा बसोबास गर्छन् ।

## विश्व सङ्क्षेप

# इरानी जहाजमाथि आक्रमणको जवाफ दिने इरानको चेतावनी

तेहरान, २६ जुलाई (एएफपी) । इरानले क्यास्पियन सागरमा आफ्नो एउटा व्यापारिक जहाजमाथि आक्रमण गरेको आरोप युक्रेनमाथि लगाउँदै घटनाको जवाफ दिने चेतावनी दिएको छ । शनिबार भएको उक्त आक्रमणमा एक जना नाविकको मृत्यु भएको तथा अर्का एक जना घाइते भएको इरानले जनाएको छ ।



रुस–युक्रेन युद्धको अन्तर्राष्ट्रिय प्रभाव विस्तार भइरहेका बेला इरानले यस्तो आरोप लगाएको हो । यसअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले इरानसँग सम्बन्धित सैन्य सामग्री ओसारपसारमा प्रयोग हुने जहाजलाई लक्षित गरी युक्रेनले क्यास्पियन सागरमा लामो दूरीको आक्रमण गरिएको बताउनुभएको थियो ।

इरानको सरकारी समाचार संस्था इरनाका अनुसार इरानी विदेश मन्त्रालयले शनिबार बिहान भएको आक्रमणमा जहाजमा विस्फोट हुँदा एक नाविकको मृत्यु भएको र अर्का एक जना घाइते भएको जनाएको छ ।

इरानले रुस–युक्रेन युद्धमा आफूले कहिल्यै हस्तक्षेप नगरेको दाबी गर्दै आफ्नो व्यापारिक जहाजमाथिको आक्रमणको विरोध गरेको छ ।

युक्रेनको गुप्तचर निकाय (एसबीयू) ले टेलिग्राममार्फत इरान र रुसबिच सैन्य सामग्री ओसारपसारमा प्रयोग भएका तथा अन्तर्राष्ट्रिय प्रतिबन्धमा परेका कार्गो जहाजलाई लक्षित गरी ड्रोन आक्रमण गरिएको जनाएको छ ।

इरानी सरकारी टेलिभिजनका अनुसार विदेश मन्त्रालयले उक्त घटनालाई 'शत्रुतापूर्ण र आपराधिककार्य' भन्दै विरोध जनाउन शनिबार तेहरानस्थित युक्रेनी कार्यवाहक राजदूतलाई बोलाएको थियो ।

यसैबिच, इरानी विदेशमन्त्री अब्बास अराघचीले युरोपेली सङ्घ (इयू) की विदेश नीति प्रमुख काजा कालाससँगको कुराकानीमा आक्रमणको विरोधमा इयू र संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्बाट कडा प्रतिक्रियाको माग गर्नुभएको इरानले जनाएको छ ।

# कङ्गोमा एडीएफका दुई आक्रमणमा ३२ जना सर्वसाधारण मारिए

किन्शासा, २६ जुलाई (सिन्हवा) । पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा 'एलाइड डेमोक्रेटिक फोर्सेस' (एडीएफ) ले पछिल्लो ७२ घण्टामा गराएका दुई छुट्टाछुट्टै आक्रमणमा कम्तीमा ३२ जना सर्वसाधारणको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले शनिबार जनाएका छन् ।

संयुक्त राष्ट्रसङ्घको सहयोगमा डीआरसीमा सञ्चालित 'रेडियो ओकापी' का अनुसार आक्रमण मािम्बासा क्षेत्रका गाउँमा भएका हुन् । थप पीडितको खोजी तथा पहिचानकार्य जारी रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने स्थानीय नागरिक समाजका प्रतिनिधिले बताएका छन् ।

आक्रमणपछि प्रभावित गाउँ तथा आसपासका क्षेत्रमा विस्थापनको नयाँ लहर देखिएको छ । थप हिंसाको त्रासमा स्थानीय बासिन्दा सुरक्षित स्थानतर्फ पलायन भएका छन् ।

शनिबार अबेरसम्म स्थानीय अधिकारी तथा डीआरसीको सशस्त्र बलले पछिल्ला आक्रमणबारे आधिकारिक प्रतिक्रिया दिएका थिएनन् ।

स्थानीय नागरिक समाज संस्थाका अनुसार एडीएफले यस वर्ष मार्चयता माम्बासा क्षेत्रका करिब २० गाउँमा १०० भन्दाबढी मानिसको हत्या गरिसकेको छ ।

मध्यअफ्रिकामा इस्लामिक स्टेटसँग आबद्ध एडीएफ युगान्डाको विद्रोही समूह हो, जुन लामो समयदेखि पूर्वी डीआरसीमा सक्रिय रहँदै आएको छ । समूहको गतिविधि नियन्त्रण गर्न तथा त्यसलाई निस्तेज पार्न डीआरसी र युगान्डाका सेनाले सन् २०२१को नोभेम्बरदेखि संयुक्त सैन्य कारबाही सञ्चालन गर्दै आएका छन् ।

कल्याण बचत तथा ऋण सहकारी संस्था लि.
कमलविनायक-१०, भक्तपुर
२०६४

कर्जा र ब्याज चुक्ता गर्न आउनेबारे ७ दिने सार्वजनिक सूचना

यस संस्थाबाट मिति २०८३।२।२४ मा ३५ दिने र मिति २०८३।३।२८ मा १५ दिने 'मजदुर' दैनिक पत्रिकामा कर्जा र ब्याज चुक्ता गर्न आउनेबारेको सूचना प्रकाशित भएकोमा ऋण र ब्याज चुक्ता गर्न नआएका ऋणीहरूका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । उक्त अवधिभित्र पनि बाँकी ऋण र ब्याज चुक्ता नभएमा सहकारी ऐन–२०७४, सहकारी नियमावली २०७५, सहकारी ऐन (पहिलो संशोधन)–२०८३ र प्रचलित कानुनअनुसार गर्न बाध्य हुन जाने व्यहोरा सम्पूर्ण ऋणी सदस्यहरूको जानकारीका लागि सूचना प्रकाशित भएको व्यहोरा जानकारी गराइन्छ ।

# इरानविरुद्धको युद्ध : डुबिरहेको वर्चश्वशाली शक्तिको कथा

✍ स्ट्यान्ली जोनी

"हामीले सकेपछि, आफ्नो सरकार आफ्नो हातमा लिनू । यो तपाईँहरूकै हुनेछ । पुस्तौँसम्मका लागि यो सायद तपाईँहरूको एकमात्र अवसर हुनेछ," फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध चौतर्फी युद्ध सुरु गरेपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी जनतालाई भनेका थिए । उनले इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स, सशस्त्र बल र प्रहरीलाई हतियार बिसाउन आग्रह गरे । ट्रम्पले चेतावनी दिँदै भने, "तपाईँहरूलाई पूर्ण उन्मुक्तिका साथ न्यायोचित व्यवहार गरिनेछ, अन्यथा तपाईँहरूले निश्चित मृत्युको सामना गर्नुपर्नेछ ।"

इरानका लागि यो प्रारम्भिक प्रहार विनाशकारी थियो । सर्वोच्च नेता आयतोल्लाह अली खामेनी, आईआरजिसी कमाण्डर मोहम्मद पाकपुर र रक्षा परिषद्का प्रमुख अली शामखानीसहित ४० भन्दा बढी वरिष्ठ अधिकारीहरू मारिए । वरिष्ठ इजरायली अधिकारीहरूले इरानमाथि जुन १२, २०२५ मा भएको आक्रमण (जसमा कैयौँ सैन्य अधिकारीहरू मारिएका थिए) लाई गेम अफको हाउस स्टार्कका सदस्यहरूको कुख्यात नरसंहार 'रेड वेडिङ' सँग तुलना गरेका थिए । तर, फेब्रुअरी २८ को हमलाको अगाडि त्यो आक्रमण फिक्का सावित भयो । यो इरानका लागि वास्तविक 'रेड वेडिङ' को क्षण थियो ।

अमेरिका र इजरायलले यस शिरोछेदन प्रहारले इरानी राज्यको पतन गराउनेछ वा जनवरीको हिंस्रक प्रदर्शनले पहिले नै आक्रान्त बनेको यस देशलाई अराजकतामा धकेल्नेछ, जसले गर्दा त्यहाँ एक अनुकूल नेतृत्वको उदय हुने बाटो खुल्नेछ भन्ने अपेक्षा गरेका थिए । ट्रम्प भेनेजुयलाजस्तै द्रुत समाधान चाहन्थे । यो आत्मविश्वास युद्धको सुरुवाती घण्टाहरूमा सहयोगीहरूसँगको उनको कुराकानीमा झल्किएको थियो । इजरायलको वाइनेट न्यूजका अनुसार, ट्रम्पले बेलायती प्रधानमन्त्री किर स्टारमरलाई यो युद्ध 'तीन दिनमा' समाप्त हुने बताएका थिए । जब उनले स्टारमरलाई पश्चिम एसियामा विमानवाहक जहाजहरू तैनाथ गर्न आग्रह गरे, तब बेलायती प्रधानमन्त्रीले अर्को हप्ता पहिले आफ्नो टोलीसँग परामर्श गर्ने बताए । ट्रम्पले भने, "तर, युद्ध त सुरु भइसक्यो । अर्को हप्ता त युद्ध नै सकिनेछ... तीन दिनमा ।"

तर, उनी गलत सावित भए ।

इरानको प्रतिरोधात्मक रणनीति मुख्यतया तीनवटा स्तम्भमा टिकेको थियो । पहिलो, राज्यको अस्तित्व जोगाउनु र सत्ता पतन हुनबाट रोक्नु; दोस्रो, युद्धलाई क्षेत्रीय रूप दिएर बदला लिनु; र तेस्रो, आफ्नो सबैभन्दा शक्तिशाली रणनीतिक हतियार, अर्थात् स्ट्रेट अफ हर्मुजको प्रयोग गरी विश्वव्यापी आर्थिक क्षति बढाउनु । इरानी राज्य संयन्त्र सुरुवाती झट्काबाट चाँडै नै सम्हालियो । राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानीले तत्कालै महत्त्वपूर्ण निर्णय प्रक्रियाको कमान्ड सम्हालिसकेका थिए । राष्ट्रपति मसूद पेजेस्कियानले युद्धकालीन अर्थतन्त्र र नागरिक प्रशासनको व्यवस्थापनमा ध्यान केन्द्रित गरे । अमेरिकी आक्रमणको केही दिनभित्रै, आईआरजिसीका 'प्रेत जनरल' भनिने अहमद वाहिदीले युद्ध परिचालनको कमान्ड आफ्नो हातमा लिए । *(लारिजानी पछि इजरायली आक्रमणमा मारिए र उनको स्थानमा अर्का आईआरजिसी कमाण्डर मोहम्मद बागेर जोल्कादरलाई तुरुन्तै नियुक्त गरियो ।)*

इरानले इजरायलमाथि सिधा आक्रमण गर्नुका साथै फारसको खाडीका देशहरू र जोर्डनमा रहेका अमेरिकी सैन्य अखडाहरूमा पनि प्रहार गर्न सुरु गऱ्यो । खाडीका छ वटा अधिराज्यहरू मध्ये ओमानबाहेक सबैमा स्थायी अमेरिकी सैन्य अखडाहरू छन् । ती सैन्य अखडाहरू, मिसाइल डिफेन्स ब्याट्रीहरू र अमेरिकी आर्थिक उपस्थितिका केन्द्रहरू सबैलाई निशाना बनाइयो । रिपोर्टहरूका अनुसार रुसले पनि इरानलाई गुप्तचर सूचनाहरू उपलब्ध गराएको थियो । युद्धको दोस्रो दिन, मार्च १ मा, आईआरजिसीको नौसेनाले स्ट्रेट अफ हर्मुज जहाँबाट युद्धभन्दा पहिले संसारको पाँच भागको एक भाग तेल समुद्री मार्ग हुँदै ओसारपसार हुन्थ्यो, लाई सम्पूर्ण आवतजावतका लागि बन्द गरिएको घोषणा गऱ्यो । जहाज कम्पनीहरूले पारवहन रोके, व्यापारिक आवतजावत ठप्प भयो, बीमा शुल्क आकाशियो र कच्चा तेलको मूल्य अत्यधिक बढेर विश्व अर्थतन्त्रलाई नै गम्भीर सङ्कटको मोडमा पुऱ्याइदियो ।

आफ्नो उद्देश्य द्रुत रूपमा पूरा गर्न असफल भएपछि राष्ट्रपति ट्रम्पले आफ्नो आक्रामक बोलीलाई अझ कडा बनाए । मार्च ६ मा उनले इरानसँग 'बिनासर्त आत्मसमर्पण' को माग गरे र तेहरानसँग कुनै पनि सम्झौताको सम्भावनालाई खारेज गरिदिए । त्यसको दुई दिनपछि, इरानको एसेम्बली अफ एक्सपर्ट्सले पूर्व नेता अली खामेनीका छोरा मोज्तबा खामेनीलाई क्रान्तिका नयाँ नेताका रूपमा चयन गऱ्यो । नेताका रूपमा आफ्नो पहिलो सन्देशमा मोज्तबाले यस युद्धलाई 'अस्तित्वको लडाइँ' को संज्ञा दिए र लडाइँ जारी रहने तथा स्ट्रेट अफ हर्मुज बन्द नै रहने घोषणा गरे । उनले स्पष्ट सन्देश दिए : अमेरिका र इजरायलको घातक आक्रमणका बाबजुद इरान आत्मसमर्पणको साटो युद्ध नै रोज्न तयार छ ।

तेहरान विश्वविद्यालयका विश्व अध्ययनका प्राध्यापक फुआद इजादीले 'द हिन्दू' लाई भने, "इरानले सुरुदेखि नै यो युद्धलाई टार्न खोजिरहेको थियो । युद्ध सुरु हुनुअघि राजनीतिक समाधानको विकल्प उपलब्ध थियो । तर, ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु सम्झौतामा इच्छुक थिएनन् । तिनीहरू इरानको सरकार बदल्न, इरानको तेल कब्जा गर्न र यस क्षेत्रमा इजरायलको वर्चस्व कायम गर्न चाहन्थे ।" उनले थपे, "निश्चय नै तिनीहरूले इरानको पूर्वाधारमा ठूलो क्षति पुऱ्याएका छन् र धेरै मानिसहरूको ज्यान लिएका छन् । तर, तिनीहरू आफ्नो उद्देश्य पूरा गर्न असफल भए । र जब तिनीहरूले आफू असफल भएको महसुस गरे, तब मात्र तिनीहरू वार्तामा आए ।"

### कठोर यथार्थहरू

ट्रम्पको दृष्टिकोणमा, अमेरिकाले इरानमाथि निर्णायक विजय हासिल गरेको थियो । उनले इरानको नौसेना, वायुसेना, हवाई प्रतिरक्षा प्रणाली र त्यसको धेरैजसो आक्रमण क्षमता ध्वस्त पारिएको र तेहरान सम्झौताका लागि भिख मागिरहेको दाबी गरे । तैपनि, उनले शृङ्खलाबद्ध कठोर यथार्थहरूको सामना गर्नुपऱ्यो । उनले अपेक्षा गरेको द्रुत विजय अझै पनि हात लाग्न सकेको थिएन । बमबारीका बाबजुद इरानी राज्य संयन्त्र टिकिरह्यो; स्ट्रेट अफ हर्मुज पुन: खोल्नका लागि कुनै व्यावहारिक सैन्य विकल्प उपलब्ध थिएन; र इरानको आणविक कार्यक्रम अझै पनि अनपेक्षित र सुल्झिन बाँकी नै थियो । वेस्ट एसिया : ए न्यू अमेरिकन ग्रान्ड स्ट्राटेजी इन द मिडल इस्टका लेखक तथा द मिडल इस्ट इन्स्टिच्युटका सिनियर फेलो मोहम्मद सोलिमानले द हिन्दू लाई भने, "यो युद्धले सम्पूर्ण क्षेत्रलाई गहिरो चोट पुऱ्याएको छ । इरानले ठूलो धक्का बेहोऱ्यो । उसका सर्वोच्च नेता मारिए, प्रमुख सैन्य र आणविक स्थलहरू ध्वस्त पारिए । तैपनि, यो टिकिरह्यो र यसले आफूले पनि असमान ढङ्गले प्रत्युत्तर दिन सक्छ भन्ने प्रमाणित गऱ्यो ।"

ट्रम्पसँग दुईवटा विकल्प थिए : कि त हवाई आक्रमणको अभियानलाई अझ अगाडि बढाउने, जसले अमेरिकाको आक्रामक र रक्षात्मक सैन्य भण्डारलाई अझ रित्याउँथ्यो; कि त इरानसँग कूटनीतिक रूपमा प्रस्तुत हुने । यदि आक्रमण जारी राख्दा पनि अपेक्षित परिणाम आउँदैनथ्यो भने, त्यस अभियानलाई लम्ब्याउनु निरर्थक हुने निश्चित थियो । त्यसैले उनले कूटनीतिक विकल्प रोजे । यही मोडमा वासिङ्टन र तेहरान दुवैसँग राम्रो सम्बन्ध भएको आणविक शक्ति सम्पन्न राष्ट्र पाकिस्तानले मध्यस्थताको प्रस्ताव अघि सार्‍यो । अप्रिल ८ मा, इरानको सभ्यतालाई नै नामेट पारिदिने धम्की दिएको केही घण्टाभित्रै ट्रम्पले द्विपक्षीय युद्धविरामको घोषणा गरे ।

तर, युद्धविरामको अर्थ द्वन्द्वको अन्त्य भने थिएन । ट्रम्पले स्ट्रेट अफ हर्मुज खुला हुने घोषणा गरे । इरान र पाकिस्तान दुवैले यो युद्धविराम लेबनानमा पनि लागू हुने बताए । युद्ध सुरु भएपछि इजरायलले दक्षिणी लेबनानका केही भागहरू कब्जा गरेको थियो । इजरायलले आफ्ना आक्रमणहरू जारी नै राख्यो, जसले अमेरिका-इरान युद्धविरामलाई तनावमा पाऱ्यो । तेहरानले जलडमरू पुन: खोलेन । अप्रिल ११-१२ मा इस्लामावादमा अमेरिका र इरानबिच भएको प्रत्यक्ष वार्ताले कुनै ठोस नतिजा निकाल्न नसकेपछि, ट्रम्पले इरानको पहिले नै ध्वस्त भइसकेको अर्थतन्त्रलाई अझ बढी धराशायी बनाउने उद्देश्यले इरानी बन्दरगाहहरूमा नाकाबन्दीको घोषणा गरे । उनी पुन: सक्रिय युद्धमा फर्कन चाहँदैनथे, तर उनी इरानलाई आफ्ना महत्त्वपूर्ण मागहरूमा झुकाउन चाहन्थे । इरानद्वारा गरिएको स्ट्रेट अफ हर्मुज बन्द र अमेरिकी नाकाबन्दीका कारण दुवै पक्षबिच बारम्बार सानातिना झडपहरू भए । तर, तनावका बाबजुद पनि उनीहरू पाकिस्तानमार्फत मस्यौदाहरू आदानप्रदान गर्दै वार्तामा लागिरहे । इरानले यस द्वन्द्वप्रति चरणबद्ध दृष्टिकोण अपनायो । ऊ पहिले युद्धको अन्त्य गर्न र फारसको खाडीमा हुने जहाज आवतजावतको अवरोध हटाउन एउटा प्रारम्भिक सम्झौता गर्न चाहन्थ्यो र त्यसपछि दोस्रो चरणमा आणविक मुद्दामा छलफल गर्न चाहन्थ्यो । ट्रम्प प्रशासनले, बाहिर सार्वजनिक रूपमा विरोध गरे तापनि, भित्रभित्रै यही कार्यदिशालाई स्वीकार गऱ्यो ।

जून १५ मा, अमेरिका र इरानले समझदारी पत्रको घोषणा गरे, जसले युद्धविरामलाई थप ६० दिनका लागि बढाउँदै इरानको आणविक कार्यक्रम र पश्चिमा प्रतिबन्धहरूजस्ता गम्भीर मुद्दाहरूमा थप ठोस वार्ताका लागि बाटो खोलिदियो । समझदारी पत्रमा यो युद्धविराम लेबनानसहित सबै मोर्चामा लागू हुनुपर्ने; अमेरिकाले नाकाबन्दी हटाउने; तेहरानले आफ्नो रोक्का गरिएको रकम



(फन्ड) चलाउन पाउने र अमेरिकाले इरानका लागि ३०० अर्ब डलर बराबरको विकास योजना बनाउन सहयोग गर्ने कुरा पनि उल्लेख गरिएको थियो । अर्कोतर्फ, इरानले कहिल्यै पनि आणविक बम नबनाउने वाचा गऱ्यो । इरानको आधिकारिक धारणा सधैँ यही रहँदै आएको छ कि उसले बम बनाउन खोजेको छैन, जुन कुरा उसले सन् २०१५ मा ओबामा प्रशासनसँग गरिएको सम्झौतामा पनि अभिलेखबद्ध गरेको थियो । इरानले ६० दिनसम्म कुनै पनि शुल्क नलिई स्ट्रेट अफ हर्मुजबाट जहाजहरूको सुरक्षित आवतजावत सुनिश्चित गर्ने प्रतिज्ञा पनि गऱ्यो ।

ट्रम्पले गरेको विजयको दाबी यस समझदारी पत्रको पाठसँग मेल खाँदैन । सत्ता परिवर्तनको उद्देश्य बोकेर युद्ध सुरु गरेको अमेरिकाले अन्तत: सोही सरकारलाई ठूला सहुलियतहरू दियो– त्यो पनि आणविक बम नबनाउने प्रतिबद्धता र युद्ध हुनुभन्दा पहिलेदेखि नै खुला रहेको स्ट्रेट अफ हर्मुजलाई पुन: खोल्न लगाउने सर्तको बदलामा । पोर्चुगली राजनीतिक विश्लेषक तथा लेखक ब्रुनो माकाएसले द हिन्दू लाई भने, "यो रणनीतिक र सैन्य दुवै रूपमा पराजय हो । कुनै पनि रणनीतिक वा सैन्य उद्देश्यहरू हासिल हुन सकेनन् । अब यस क्षेत्रले अमेरिकासँगको आफ्नो सम्बन्धलाई पुन: मूल्याङ्कन गर्नुपर्नेछ र अमेरिकी शक्तिको बारेमा रहेका अवास्तविक अपेक्षाहरूलाई त्याग्नुपर्नेछ ।"

### एक नयाँ सुरक्षा व्यवस्था

युद्ध सुरु हुनुअघि पश्चिम एसिया अर्कै क्षेत्रजस्तो देखिन्थ्यो । अक्टोबर ७ पछिका आफ्ना युद्धहरूलाई क्षेत्रीय रूप दिएपछि इजरायल आफ्नो अन्तिम उद्देश्य पूरा हुनेमा विश्वस्त देखिन्थ्यो । अर्थात्, इस्लामिक गणतन्त्र (इरान) लाई ढाल्ने र एकध्रुवीय पश्चिम एसियाको निर्माण गर्ने जहाँ उसले मुख्य सुरक्षा खेलाडीको रूपमा काम गर्नेछ । संयुक्त अरब इमिरेट्स, बहराइन र मोरक्कोले इजरायलसँग सम्बन्ध सामान्यीकरण गर्ने सम्झौतामा हस्ताक्षर गरेको अब्राहम एकर्ड्सले यस 'नयाँ मध्यपूर्व' को जग बसालेको थियो । खाडी मुलुकहरू इरानप्रति चिन्तित त थिए, तर अमेरिकी सैन्य उपस्थितिका कारण आफूहरू सुरक्षित रहेको महसुस गर्थे । सुरक्षाका लागि अमेरिकाले गरेको वाचा नै दशकौँदेखि अमेरिका-खाडी साझेदारीको मुख्य आधार बनेको थियो । जनवरी १९८० मा जिमी कार्टरले भनेका थिए, "हाम्रो दृष्टिकोण एकदमै स्पष्ट रहोस् : फारसको खाडी क्षेत्रमा नियन्त्रण कायम गर्न कुनै पनि बाह्य शक्तिले गर्ने प्रयासलाई अमेरिकाको महत्त्वपूर्ण हितमाथिको आक्रमण मानिनेछ..." इरानले कार्टरको सिद्धान्तलाई मात्र उल्ट्याइदिएन, बरु इजरायललाई केन्द्र र अरब देशहरूलाई स्तम्भ बनाएर पश्चिम एसियालाई नयाँ स्वरूप दिने ट्रम्पको प्रयासलाई समेत विफल पारिदियो ।

इरानले यस क्षेत्रभरि रहेका अमेरिकी सैन्य अखडाहरूमा आफ्ना ड्रोन र मिसाइलहरू प्रहार गर्दा अमेरिकाले खासै केही गर्न सकेन । सुरक्षा प्रदान गर्नुको साटो, ती अखडाहरू इरानी क्षेप्यास्त्रहरूका लागि सहज निशाना बने । नाम नबताउने सर्तमा एक इमिरेट्स अधिकारीले भने, "युद्ध हुनुभन्दा अघिको बुझाइ के थियो भने अमेरिकाले खाडी देशहरूलाई सुरक्षा दिनेछ । तर, के भइदियो भने, खाडी देशहरूले आफ्नै भूमिमा रहेका अमेरिकी अखडाहरूको रक्षा गर्न आफ्ना रक्षात्मक हतियारहरू सिध्याउनुपऱ्यो ।"

कतारको अल उदेइद एयर बेस, साउदी अरेबियाको प्रिन्स सुल्तान एयर बेस, कुवेतको अली अल सालेम एयर बेस, बहराइनमा रहेको अमेरिकी नौसेनाको पाँचौँ फ्लीटको मुख्यालय र युएईका अल सादेर तथा अल रुवाइस केन्द्रहरूसहित खाडीमा रहेका कम्तीमा १३ वटा अमेरिकी सैन्य अखडाहरू क्षतिग्रस्त भए । स्याटेलाइट तस्बिरहरूमा आधारित वाल स्ट्रिट जर्नल को एक भिजुअल अनुसन्धानअनुसार, इरानी आक्रमणहरूले बहराइनमा रहेको अमेरिकी नौसेनाको अखडालाई ध्वस्त पारेका थिए । मार्च १८ मा कतारको रास लफान इन्डस्ट्रियल सिटी, विश्वकै सबैभन्दा ठूलो एलएनजी निर्यात केन्द्रमा आक्रमण हुँदा पनि अमेरिकाले केही गर्न सकेन । इरानले अमेरिकाको नेतृत्वमा रहेको सुरक्षा संरचनालाई छिन्नभिन्न पारेको दृश्य खाडी देशहरूले पीडा र स्तब्धताका साथ हेरिरहे ।

"स्थायित्व अब यस क्षेत्रभित्रैबाट आउनुपर्नेछ, किनकि अमेरिका यसलाई कायम राख्न असक्षम प्रमाणित भइसकेको छ । जहाँसम्म अमेरिकी नीतिको कुरा छ, यो अब लगभग पूर्ण रूपमा व्यापारमुखी बन्नेछ : जसको ध्यान ऊर्जा, एआई र पक्कै पनि हतियारका सम्झौताहरूमा मात्र केन्द्रित हुनेछ," माकाएसले भने । मिडल इस्ट इन्स्टिच्युटका सोलिमान पनि यसमा सहमत छन् : "खाडीका अरब राष्ट्रहरूले अब सुरक्षामा आफ्नो आत्मनिर्भरतालाई तीव्रता दिनेछन्, अमेरिकासँगै अन्य देशहरूसँग पनि आफ्नो रक्षा सम्बन्धलाई विविधीकरण गर्नेछन् र तेहरानसँगको सम्बन्ध व्यवस्थापन गर्न थप व्यावहारिक उपायहरू खोज्नेछन् ।"

खाडी देशहरूले पहिले नै यस दिशामा कदम चाल्न सुरु गरिसकेका छन् । उनीहरूले यो कुरा बुझिसकेका देखिन्छन् कि इस्लामिक गणतन्त्र इरान समाप्त हुनेवाला छैन र आफ्नो सुरक्षा तथा स्ट्रेट अफ हर्मुजबाट जहाजहरूको सुरक्षित आवतजावतका लागि उनीहरूले तेहरानसँग शान्तिपूर्ण सह-अस्तित्वका आधारमा काम गर्नुपर्नेछ । उनीहरूलाई चाहिएको क्षेत्रीय स्थिरता हो र त्यस स्थिरताका लागि, माकाएसले भनेजस्तै, उनीहरूले "इरानलाई फेरि मूलधारमा फिर्ता ल्याउनु" पर्नेछ ।

कतारका प्रधानमन्त्री शेख मोहम्मद अल थानीले हालै एक अन्तर्वार्तामा भने, "क्षेत्रीय देशहरूका रूपमा हामीले अहिले गरिरहेको कामको एउटा पाटो भनेको हामी र इरानबिच यो क्षेत्रीय सुरक्षा ढाँचा तयार गर्नु हो । यसले भविष्यमा हामी सबैबिच आर्थिक सहयोगको ढोका खोल्नेछ भन्ने आशा छ ।" रिपोर्टहरूका अनुसार साउदी अरेबियाले पनि इरानसँग यस्तो समझदारी बनाउन हात बढाएको छ, ताकि यदि फेरि युद्ध सुरु भयो भने आफ्नो देश सुरक्षित रहन सकोस् । अमेरिकी उपराष्ट्रपति जे.डी. भान्सले हालै भनेका छन् कि इजरायलसँग निकै घनिष्ठ सम्बन्ध भएको युएईले "आर्थिक प्रोत्साहनका विषयमा इरान र आईआरजिसी सँग यसअघि कहिल्यै नभएका कुराकानीहरू गरिरहेको छ ।" ओमानले भने युद्धका बाबजुद तेहरानसँग सधैँ कूटनीतिक माध्यमहरू खुला राखेको थियो ।

इरानविरुद्ध एउटा संयुक्त मोर्चा बनाउन खाडीका राजतन्त्रहरू र इजरायल, अमेरिकाको पश्चिम एसिया नीतिका दुईवटा स्तम्भलाई नजिक ल्याउने अक्टोबर ७ अघिको अमेरिकी प्रयासलाई यस युद्धले पूर्ण रूपमा ध्वस्त पारिदिएको देखिन्छ । क्विन्सी इन्स्टिच्युटका कार्यकारी उपाध्यक्ष त्रिता पार्सीले द हिन्दू लाई भने, "अब्राहम एकर्ड्स र इरानविरुद्ध 'सुन्नी- जायोनिस्ट' गठबन्धन बनाउने प्रयास अब समाप्त भइसकेको छ । युद्धले यो प्रमाणित गरिदियो कि इरानलाई एक्लो पार्ने प्रयासले केवल युद्ध, अस्थिरता र त्यस्तो गठबन्धनको पराजयमात्र निम्त्याउँछ । अरब पक्षले अब इजरायललाई एक यस्तो ठूलो खतराका रूपमा हेर्छ जसलाई नियन्त्रण गर्न आवश्यक छ र इरानलाई सुरक्षाको दृष्टिकोणले आर्थिक रूपमा आफूसँग जोड्नुपर्ने राज्यका रूपमा लिन्छ, किनकि दबाउने नीति र युद्ध दुवै असफल साबित भए ।"

### एक्लो परेको इजरायल

लामो समयदेखि यो युद्धको चाहना राख्ने र यसबाट सबैभन्दा बढी प्रभावित हुने देशहरूमध्ये एक इजरायल थियो । यो सैन्य अभियानको मुख्य वास्तुकार इजरायल नै थियो । तैपनि, द्वन्द्व सुरुवाती अपेक्षाहरूविपरीत अघि बढेपछि, ट्रम्पले इजरायललाई किनारा लगाउँदै इरानसँग वार्ता रोजे र अन्तत: समझदारी पत्रमा हस्ताक्षर गरे । इरानले अहिले क्षेत्रीय सुरक्षा व्यवस्थालाई नयाँ स्वरूप दिइरहेको र अमेरिकासँग प्रत्यक्ष वार्तामा संलग्न भइरहेको अवस्थामा, पश्चिम एसियाको नक्सा बदल्ने नेतान्याहुको ठूलो प्रयास प्रत्युत्पादक सावित भएको देखिन्छ । पार्सीले भने, "यो युद्धको अन्तिम परिणाम भनेको इरानमाथिको घेराबन्दी हट्नु र इजरायलमाथि पुन: घेराबन्दी सुरु हुनु हुन सक्छ, सायद सन् १९९१ भन्दा अघिको युगमा फर्किएजस्तै, जतिबेला इजरायल क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा एक्लो परेको थियो ।" नयाँ दिल्लीको इजरायलसँग बढ्दो सम्बन्धलाई सङ्केत गर्दै उनले थपे, "यस सन्दर्भमा, इजरायलसँगको गठबन्धनमा भारतको लगानी पनि एउटा हार्ने दाउजस्तो देखिन्छ ।"

इजरायल विश्व मञ्चमा झन्-झन् एक्लो बन्दै गएको छ । अमेरिकाविना, सुरक्षा र भूराजनीतिक परिणामहरूलाई आफ्नो अनुकूल बनाउने उसको क्षमता सीमित छ । इजरायलका धेरैजसोले अमेरिका-इरान सम्झौतालाई एउटा ठूलो रणनीतिक धक्काका रूपमा हेरेका छन् । इजरायली पत्रकार तथा लेखक गिडियोन लेभीले द हिन्दू लाई भने, "इजरायल यो युद्धका लागि पछुताउनेछ, किनकि यसबाट केही पनि हासिल भएन र इजरायलले ट्रम्पको साथ पनि गुमायो । इजरायलले अब यो पाठ सिक्नुपर्छ कि सबै कुरा बलको आधारमा मात्र हासिल गर्न सकिँदैन, तर दुर्भाग्यवश इजरायलले यो पाठ सिक्ने छैन ।"

यतिबेला, नेतान्याहुको ध्यान आफूसँग भएको ट्रम्प कार्ड– लेबनानमा केन्द्रित छ । जून २६ मा, इजरायल र लेबनानले अमेरिकी मध्यस्थतामा एउटा सम्झौतामा सहमति जनाए, जसअनुसार इजरायली सेना दक्षिणी लेबनानमै रहनेछ । इरान र हिजबुल्लाहले भने लेबनानबाट इजरायली सेना पूर्ण रूपमा फिर्ता हुनुपर्ने माग गरेका छन् । समझदारी पत्रको पहिलो धाराले लेबनानको 'क्षेत्रीय अखण्डता र सार्वभौमसत्ता' को सम्मान गर्न आह्वान गर्दछ । जुन इजरायली सेना फिर्ताका लागि गरिएको एक अप्रत्यक्ष माग हो । यदि इजरायल पछि हटेन भने, हिजबुल्लाहसँगको झडप जारी रहनेछ, जसको अर्थ लेबनानमा युद्धविराम असम्भव रहनेछ । तनावको असर स्ट्रेट अफ हर्मुज पनि देखिइसकेको छ, जहाँ इरानले जहाजहरू आफ्नै तोकिएको मार्गबाट मात्र जानुपर्ने अडान लिएको छ । इरानले गत हप्ता अनधिकृत मार्गबाट गइरहेको एउटा जहाजमाथि आक्रमण गऱ्यो । त्यसको जवाफमा अमेरिकाले शनिबार इरानमाथि हमला गऱ्यो भने तेहरानले यस क्षेत्रमा रहेका अमेरिकी अखडाहरूमा आक्रमण गरेर बदला लियो । तर, अमेरिकी हमलाहरूले इरानलाई स्ट्रेट अफ हर्मुजमाथि भर्खरै कायम गरेको आफ्नो नयाँ नियन्त्रण छोड्न बाध्य पार्ने सम्भावना देखिँदैन ।

इरानी प्राध्यापक इजादीले भने, "अमेरिका र इजरायलले युद्ध अन्त्य गरेका हुन् कि यो केवल एउटा अल्पविराममात्र हो, त्यो हेर्न हामीले पर्खिनुपर्छ । इरान यी आक्रमणहरू रोकियोस्, आफ्नो रोक्का रकम फिर्ता मिलोस्, प्रतिबन्धहरू हटाइयोस् र हर्मुजमाथिको आफ्नो अधिकारलाई स्वीकार गरियोस् भन्ने चाहन्छ । यो स्ट्रेट अफ हर्मुज इरानको क्षेत्र र यसको सन्निकट समुद्री क्षेत्र भित्र पर्दछ । यी हाम्रा 'लक्ष्मण रेखा' हुन् ।" उनले थपे, "अमेरिकाले कि त यी व्यावहारिक मागहरू स्वीकार गर्न सक्छ, कि त फेरि युद्ध सुरु गर्न सक्छ । यो उनीहरूले नै रोज्नुपर्ने निर्णय हो ।"

***Source : https://www.thehindu.com***

# नवआगन्तुक विद्यार्थीहरूको लागि अभिमुखीकरण कार्यक्रम




भक्तपुर, १० साउन । वागीश्वरी कलेज कमलविनायकमा स्नातक प्रथम वर्षमा अध्ययनार्थ भर्ना हुन आएका नवागन्तुक विद्यार्थीहरूको लागि प्रा.डा. रामप्रसाद ज्ञवाली र प्रा.डा. प्रितराज अधिकारीको आतिथ्यमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा मानविकी सङ्कायको तर्फबाट प्राडा ज्ञवालीले विद्यार्थीहरूलाई स्नातक शब्द सार्थक हुने गरी अध्ययनमा लाग्न विशेष सुझाव दिनुभयो ।

विद्यार्थीले परीक्षामा जतिसुकै उच्च जीपीए ल्याए पनि जीवनलाई त्यहीँअनुसारको उचाइमा पुर्‍याउन नसके त्यो जीपीए खासै अर्थ नलाग्ने भन्दै उहाँले आज एआईले नजानेको कुरा जान्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "यसको लागि मन तत्त्व महत्त्वपूर्ण हुन्छ; मनलाई काबुमा राख्न सक्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो ।

स्नानले पूर्ण जो छ त्यही स्नातक हुन्छ भन्दै उहाँले ज्ञान, सीप, जोश, जाँगरले नुहाएको (स्नान) व्यक्ति मात्र आजका लागि योग्य स्नातक हुन्छ भन्नुभयो । उहाँले भन्नुभयो, "हिजोसम्म ठुलाले भनेको मान्ने तहमा थियौँ भने अब मान्ने हैन जान्ने तहमा पुगेको हुँदा त्यहीँअनुसार आफूलाई तयार गर्नुपर्छ । अब विद्यार्थीभन्दा बढी आफूलाई सोधार्थी बनाउनुपर्छ । सोधार्थीले ढुङ्गा र पानीमा पनि आगो देख्छ, फोहोर देखिने गोबरमा पनि आगो देख्छ ।"

धेरै जान्ने अहङ्कारबाट मुक्त भई ज्ञानशक्तिको लागि मेहनत गर्न सुझाव दिँदै उहाँले सिर्जनशील, विनम्रताका साथ क्षणक्षणको सदुपयोग गर्न आग्रह गर्नुभयो । गाऱ्होफारोसँग नडराउन सुझाव दिँदै उहाँले नेतृत्वदायी भूमिका रहन सङ्घर्षशीलता चाहिने बताउनुभयो । उहाँले भन्नुभयो, "जीविकाको शिक्षाभन्दा जीवनको शिक्षा महत्त्वपूर्ण हुन्छ, बरालिने उमेर छ आफ्ना इन्द्रियहरूलाई नियन्त्रणमा राख्नुहोला ।"

कार्यक्रममा व्यवस्थापनका तर्फबाट प्राडा प्रितराज अधिकारीले विद्यार्थीको पढाइ उद्देश्यमूलक हुनुपर्छ भन्दै जागिरकै निम्ति हो भने लोकसेवा ग्रुप, बैङ्किङ ग्रुपजस्ता समूह बनाई पढ्न र आफूले पढे जानेको कुरा समूहमा आदानप्रदान गर्ने बानी बसाल्न सुझाव दिनुभयो ।

उहाँले जागिरभन्दा उद्यमशील बन्नु बढी श्रेयस्कर छ भन्दै सफल उद्यमी व्यापारी व्यवसायीका उदाहरणहरू दिनुभयो ।

व्यवस्थापनका विद्यार्थीहरू कोही शेयर मार्केटिङमा पनि लागेका, कोही पठाओमा लागेका उदाहरण दिँदै उहाँले समय र डिजिटलको अधिकतम सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा मानविकी सङ्काय इन्चार्ज राजन फेलुले पनि बोल्नुभएको थियो ।

# 'मजदुर' र 'श्रमिक' पत्रिकाबारे अन्तरक्रियात्मक छलफल

भक्तपुर, १० साउन । 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिकलाई अझ स्तरीय बनाउन पत्रिकाका शुभचिन्तकहरूसँग एक अन्तरक्रियात्मक छलफल कार्यक्रम आइतबार सम्पन्न भयो ।

'मजदुर' दैनिकका प्रकाशक तथा सम्पादक उद्धव सुजखुले देश र जनताको पक्षमा लेख लेख्ने लेखक तथा सहयोगीहरूलाई धन्यवाद दिँदै सङ्कटको समयमा पनि निरन्तर प्रकाशित भइरहेको 'मजदुर' र 'श्रमिक' आस्थाको पत्रिका हो भन्नुभयो ।

समाजवादी आन्दोलन अघि बढाउन, मजदुर, किसान या श्रमजीवीवर्गको पक्षमा लेख रचना लेखेर समाज परिवर्तनमा सहयोग पुर्‍याउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पत्रिकाले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको निरन्तर विरोध गरेर जनतालाई सुसूचित पार्ने काम गरिरहेको बताउनुभयो ।

अन्तरक्रियात्मक सो छलफल कार्यक्रममा हिमालयश्वरलाल मूलले लेख लेख्न सक्ने क्षमता भएका साथीहरूलाई घच्घच्याउनुपर्ने आवश्यकता औँल्याउँदै नवउदारवादको पक्षमा कार्यकर्तामाझ अझै कक्षा सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

लेखक एवं 'मजदुर' दैनिकका सहयोगी योगेन्द्रमान बिजुक्छेँले पत्रिकालाई स्तरीय बनाउन र निरन्तर प्रकाशन गर्न लेखक, स्रष्टा र समालोकहरूको सहयोग आवश्यक हुन्छ भन्नुभयो ।

भ्रष्टाचार पुँजीवादी व्यवस्थाको छाया हुने उल्लेख गर्दै उहाँले सिद्धान्तहीन पार्टी पतन हुने लेख र रचनाबारे समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

'मजदुर' दैनिकका सम्पादक चक्रबहादुर चाकतुले धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रमम विश्वनाथ प्रजापति, निरज लवजु, सुजन माक, सुनिल दुवाल, आशाकुमार चिकंबन्जार, सुरेश परियार, रामप्रसाद प्रजापति, सुन्दर राजचल, सरोज वैद्य, विश्वराम प्रजापति, सुनिता गाइसी, हरिसुन्दर सुवाल, प्रकाश गुरूङ, हरिराम सुवाल, गणेशराम थुसालगायतले बोल्नुभएको थियो ।

# 'नाउल' टाइफुनले दक्षिणी चीनमा जनजीवन प्रभावित

हङकङ, २६ जुलाई (एपी) । शक्तिशाली टाइफुन 'नाउल' आइतबार बिहान दक्षिणी चीनमा ठोक्किएपछि ग्वाङडोङ प्रान्तमा तीव्र हावाहुरी र भारी वर्षा भएको छ । आँधीका कारण सात लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ भने सयौँ उडान र रेल सेवा रद्द गरिएको छ ।

चीनको राष्ट्रिय मौसम केन्द्रका अनुसार 'नाउल' आइतबार बिहान ३:५० बजे दक्षिणी ग्वाङडोङ प्रान्तको हुइझोउ सहरअन्तर्गत हुइडोङ काउन्टीको तटीय क्षेत्रमा ठोक्किएको हो । चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार यो वर्ष चीनमा ठोक्किएको सबैभन्दा शक्तिशाली टाइफुन हो ।

हङकङको मौसम विभागका अनुसार आँधीको केन्द्रनजिक अधिकतम हावाको गति प्रतिघण्टा ११० किलोमिटर पुगेको थियो । ग्वाङडोङको भित्री भूभागतर्फ अघि बढ्दै गर्दा 'नाउल' क्रमशः कमजोर भए पनि विभिन्न क्षेत्रमा तीव्र हावाहुरी र भारी वर्षा भएको थियो ।

सरकारी स्वामित्वको चाइना नेसनल रेडियोका अनुसार ग्वाङडोङमा सुरक्षाका लागि सात लाख १५ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । चाइना न्युज सर्भिसका अनुसार आँधीका कारण आइतबारका लागि प्रान्तका केही रेल सेवा पनि रद्द गरिएको थियो ।

चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले दक्षिणी ग्वाङडोङ र दक्षिणपूर्वी फुजियान प्रान्तका केही क्षेत्रमा भारी वर्षा र तीव्र हावाहुरीको चेतावनी दिएको थियो । सरकारी प्रसारण संस्था सीसीटीभीका अनुसार ग्वाङडोङको तटीय हुइलाइ काउन्टीमा आँधीका कारण धेरै रूख ढलेका छन् ।

हङकङ विमानस्थल प्राधिकरणका अनुसार आइतबार करिब ३५० उडान रद्द गरिएको छ । हङकङका अधिकारीले आँधीका कारण सहरभरि कम्तीमा नौ जना घाइते भएको बताएका छन् ।

स्थानीय प्रहरीका अनुसार 'नाउल' हङकङनजिक पुग्दै गर्दा शनिबार दिउँसो एउटा अग्लो भवनमा जडान गरिएको मचानको केही भाग भत्किएको थियो । प्रारम्भिक विवरणअनुसार उक्त घटनामा कोही पनि घाइते भएका थिएनन् ।

ताइवानको केन्द्रीय मौसम प्रशासनका अनुसार 'नाउल' का कारण ताइवानको दक्षिणी तथा पूर्वी क्षेत्रमा वर्षा भएको थियो । आँधी ताइवानको दक्षिणी समुद्री क्षेत्र हुँदै अघि बढेको थियो ।

यसै महिनाको सुरुमा टाइफुन 'भाभी' ले पूर्वी चीनमा तीव्र हावाहुरी र भारी वर्षा गराउँदा २० लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो । 'भाभी' जुलाई ११ मा चीनको जमिनमा ठोक्किएको थियो । यसअघि जुलाई ३ मा टाइफुन 'मेसाक' दक्षिणी चीनमा ठोक्किएको थियो ।

# झौखेलमा भ्रष्टाचारविरोधी आन्दोलन स्मरण



भक्तपुर, १० साउन । नेपाल क्रान्तिकारी महिला सङ्घ र पलेस्वं पुचः महिला समिति, झौखेलको आयोजनामा ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन (२०२५ साउन २ र २०२६ असार १९) को स्मरणमा शनिबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष एवम् भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले भ्रष्टाचारविरोधी आन्दोलनको चर्चा गर्दै त्यसबेलाका अग्रज किसान कार्यकर्ताहरु सचेत, सजग, सङ्गठित र सङ्घर्षशील भएकैले जनताको बचत रकम हिनामिना गरी भ्रष्टाचार गर्ने नवदुर्गा बहुमुखी सहकारी संस्थाका भ्रष्ट पदाधिकारीहरुलाई जनकारबाही गर्न सकेको हो भन्नुभयो ।

"अहिलेसम्म सरकारमा गएका कुनै पनि पार्टीका नेता तथा कार्यकर्ताहरु भ्रष्ट मानसिकताबाट टाढा रहेको उदाहरण फेला पर्न सकिएको छैन र त्यसको अर्थ सरकारमा जाने नै भ्रष्टाचार गर्नका लागि हो भन्ने पुष्टि हुन्छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा बालमुकुन्द बासुकला, गणेश सुवाल र मुना बासुकलाले पनि बोल्नुभएको थियो ।

# मधेसमा लागूऔषधविरुद्ध अभियान

जनकपुरधाम, १० साउन । प्रतिबन्धित लागूऔषध नियन्त्रणका लागि प्रहरीले मधेस प्रदेशमा विशेष अभियान चलाएपछि लागूऔषध सेवनकर्ता र कारोबारीहरू धमाधम पक्राउ पर्न थालेका छन् ।लागूऔषधविरुद्धको अभियानअन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेस प्रदेशका आठ वटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागूऔषध कारोबारमा संलग्नहरू पक्राउ पर्न थालेका हुन् ।

सङ्गठित अपराध लागूऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेस प्रदेशका आठ वटै जिल्लाबाट ठुलो परिमाणमा लागूऔषध पनि बरामद गर्दै आएको छ ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा विभिन्न प्रकारका लागूऔषधसहित दुई हजार ८११ जना पक्राउ परेका छन् भने दुई हजार १२१ वटा लागूऔषध सम्बन्धित मुद्दा दर्ता भएका छन् । उक्त अवधिमा दुई हजार ५५४ नेपाली, २५३ भारतीय र एक विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो ।

बितेको आवमा मधेस प्रदेशमा लागूऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ ।

यसैगरी, सो अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस, तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, दुई हजार ११८ सिरफ र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो ।

उहाँका अनुसार अघिल्लो आव २०८१/८२ मा लागूऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो । त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउनसुगर, ५०५ किलो ग्राम चरेस, ४५ किलो ग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ ट्याब्लेट, सात हजार ५०४ सिरफ र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो ।

यसअघि गत आव २०८०/८१ मा प्रहरीले मधेस प्रदेशबाट लागूऔषधसहित एक हजार १०४ जनालाई पक्राउ गरेको थियो भने ७९७ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो । सो आवमा आठ हजार ५३९ किलो गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलो १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम सात हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा ट्याब्लेट, तीन हजार ४१६ सिरफ र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो ।


सीमावर्ती भारतीय बजारमा पुगेर लागूऔषध सेवन र खरिद गरी नेपाल ल्याउने युवाजमात बढ्दो छ । प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँचलाई कडाइ गरेसँगै अधिकांश युवाको साथबाट केही न केही मात्रामा लागूऔषधका सामग्रीहरू बरामद हुने गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताउनुभयो ।

लागूऔषध सेवन र कारोबारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन् ।

***देशको...***

हुन्छ ।" अहिलेसम्मका कुनै पनि सरकारले किसानलाई आश्वासन मात्र दिए, समयमै मल आपूर्ति गर्न सकेनन् ।
- सरकारले ५३ अर्ब वैदेशिक अनुदान परिचालन गर्ने लक्ष्य राखे पनि ३१ अर्बमात्र प्राप्त भएको समाचार छ । विदेशीसँग मागेर देश चलाउने शासकहरूलाई ठुलो धक्का भयो ।
- काठमाडौँमा दैनिक औसत ३० अपराध प्रहरीमा दर्ता हुने गरेको खुलासा भयो । प्रहरीले गुन्डागर्दी र पेसेवर अपराधमा संलग्न १८७१ जनाको प्रोफाइल तयार पाऱ्यो । देशको सन्तुलित विकास नगरिएसम्म काठमाडौँ उपत्यका र अन्य मुख्य सहरमा लागूपदार्थ दुर्व्यसनी, फोहोरमैला व्यवस्थापन, सडक जाम र अपराधको सङ्ख्या घट्ने छैन ।

**हार्दिक समवेदना**



यस संस्थाका सदस्यता नं १०९४ का सदस्य **लक्ष्मी प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म : २०२८/०९/१४**
**निधन : २०८३/०४/०८**

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९

**बाढी/पहिरोबाट सचेत होऔं**

बाढी/पहिरो आउनुअघि:
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमा:
- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा